पीडितलाई अन्याय हुन नदिने मन्त्री खरेलको प्रतिबद्धता पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १८१ • २०८२ साल मंसिर १४ गते आइतबार (30 November, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'मुलुकमा आर्थिक र समाजिक परिवर्तन हुन आवश्यक'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा पटक पटक राजनीतिक परिवर्तन भए पनि आर्थिक र समाजिक परिवर्तन हुन नसकेको बताएका छन् ।

जनकपुरधाममा शनिबार दलित पिछडावर्ग थारु आदिवासी र अल्पसंख्यक (डोटिम) परिसंघको धनुषा जिल्ला स्तरीय बृहत अन्तरक्रिया कार्यक्रममा बोल्दै गर्दै अध्यक्ष यादवले राजनीतिक परिवर्तनले मात्र मुलुक समृद्ध हुन नसक्ने भन्दै आर्थिक र समाजिक परिवर्तनको दिशामा अघि बढ्नु आवश्यक रहेको बताए ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले अबको क्रान्ति आर्थिक र समाजिक रुपान्तरणको लागि हुनु पर्ने उल्लेख गर्दै ती क्रान्तिको नेतृत्व डोटिम परिसंघले लिनु आवश्यक रहेको बताए ।

दलित, पिछडावर्ग, अल्पसंख्यकहरुको राजनीतिमा भागिदारी र सत्तामा साझेदारी नभए सम्म सार्थक लोकतन्त्रको परिकल्पना समेत गर्न नसक्ने भन्दै अध्यक्ष यादवले समाजिक लोकतन्त्रको लागि अघि बढ्नु पर्ने उनले बताए ।

दलित, पिछडावर्ग, अल्पसंख्यकहरु छुट्टा छुट्टै लडेर समानताको अधिकार पाउन नसक्ने भन्दै उनले एकजुट भएर लड्नका लागि डोटिम परिसंघ साझा मञ्च निर्माण भएको बताए ।

### नियुक्ति गरेका सीएमविरुद्ध मुख्यन्यायाधिवक्ता

# नीति आयोगका उपाध्यक्षले पनि दिएनन् राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पछिल्लो दुई महिनामा तीनजना मुख्यमन्त्री बनेका छन् । दुईजना मुख्यमन्त्रीले विश्वासको मत लिन असफल भएपछि तेस्रो मुख्यमन्त्रीको कार्यकाल चलिरहेको छ । तर उनले पनि विश्वासको मत लिन बाँकी नै छ ।

दुईजना मुख्यमन्त्री फेरिएर तेस्रो मुख्यमन्त्रीको कार्यकाल चलिरहेको बेला पनि मुख्यन्यायाधिवक्ता र नीति आयोगका उपाध्यक्ष भने पुरानै कायम छ ।

जनमत पार्टीको तर्फबाट मुख्यमन्त्री बनेका सतीश कुमार सिंहलाई अल्पमतमा पारेर हटाउने प्रमुख भूमिका निर्वाह लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका नेता जितेन्द्रप्रसाद सोनलले गरेका थिए । सोनलले सिंहलाई हटाएर मुख्यमन्त्री बन्दा मुख्य न्यायाधिवक्ता महतोले राजीनामा गरेनन् । उनी गुपचुप रहेर सोनलको पनि राजनीतिक सल्लाहकार बने । महतो जस्तै नीति आयोगका उपाध्यक्ष सोहन साहले पनि पदबाट राजीनामा नगरी सोनलको कार्यकालमा पनि यथावत नै रहे ।

राजनीतिक उथलपुथल भइरहँदा पनि महतो र साहले नियुक्ति गर्ने मुख्यमन्त्री हटे पनि राजीनामा नगरी निरन्तर रुपमा पदासीन रहे । उनीहरुले तत्कालीन मुख्यमन्त्री सिंहलाई कानुनी र आर्थिक नीति बनाउन सल्लाह दिने भूमिका पाएका थिए ।

तर सिंहलाई हटाउने सोनलको पनि कानुनी



र नीति बनाउने सल्लाहकारको भूमिकामा उनीहरु नै देखिए । सिंहलाई कानुनी सल्लाह दिने मुख्यन्यायाधिवक्ता महतोले उनलाई हटाउने जितेन्द्रप्रसाद सोनलको पनि कानुनी सल्लाहकारको पद ओगटेर बसिरहे । नेपालको संघीय र प्रदेशको चलन अनुसार सरकारको नेतृत्व परिवर्तन भएसंगै कानुनी सल्लाहकार र नीति बनाउने सल्लाहकारले राजीनामा दिने चलन छ ।

सिंहलाई अपदस्थ गरी सोनल मुख्यमन्त्री बनिसके पनि महतो र साहले राजीनामा नगरी आफूलाई निरन्तरता दिए ।

त्यसपछि सोनल मुख्यमन्त्रीमा विश्वासको मत प्राप्त गर्ने सम्भावना कमजोर भएपछि राजीनामा दिए । तर उनी कार्यवाहक मुख्यमन्त्रीको भूमिकामा नै रहेका थिए । उनका कानुनी सल्लाहकार अर्थात मुख्य न्यायाधिवक्ता सुरेन्द्र महतो नै रहेका थिए ।

कार्यवाहक मुख्यमन्त्री सोनलका कानुनी सल्लाहकारको भूमिकामा रहेका महतोले तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई संविधानको धारा १६८ को उपधारा ३ प्रयोग गर्न सुझाव दिएको बताइन्छ ।

मुख्यमन्त्री सोनल समेत ७४ जना सांसदले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनको प्रक्रिया अगाडि बढाउन प्रदेश प्रमुख भण्डारीको ध्यानाकर्षण गराएका थिए । तत्कालीन कार्यवाहक मुख्यमन्त्री सोनलसहित मधेश प्रदेशका २ तिहाइभन्दा बढी सांसदले माग गरेको विपरीत सोनलको सल्लाहकारको भूमिकामा रहेका महतोले काम गरेको आरोप लागेको छ ।

संविधानको धारा १६८ को उपधारा ३ प्रयोग गरी तत्कालीन प्रदेश प्रमुख भण्डारीले महोत्तरी जिल्लाको बर्दिवासस्थित एक होटेलमा मुख्यमन्त्रीको नियुक्ति र शपथग्रहण गराएको २४ घण्टा नबित्दै उनी बर्खास्त भएकी थिइन् ।

धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री बनेका नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादवविरुद्ध सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा महतोले मुख्य न्यायाधिवक्ताको हैसियतमा यादवको पक्षबाट बहस गरिरहेका छन् ।

सोनलले यादवको नियुक्ति अवैधानिक रहेको पक्षमा छन् । लगातार तीन जना मुख्यमन्त्रीलाई हटाउन र बनाउन कानुनी सल्लाह प्रदान गर्ने महतो पहिलो मुख्य न्यायाधिवक्ता बनेका छन् । प्रधानमन्त्रीले नियुक्त गर्ने महान्यायाधिवक्ता प्रधानमन्त्री हटेसंगै हट्ने गरेको लोकतान्त्रिक चलन छ । मधेश प्रदेशमा पनि प्रथम मुख्यमन्त्री लालबाबु राउतको कानुनी सल्लाहकार (मुख्य न्यायाधिवक्ता) दीपेन्द्र झा राउतसंगै राजीनामा दिएका थिए । यद्यपि राउतपछि पनि मधेश प्रदेशको मुख्यमन्त्री जनता समाजवादी पार्टी (जसपा) नेपालबाट नै सरोज कुमार यादव बनेका थिए । तर मुख्यन्यायाधिवक्ताले सहजै राजीनामा दिइ मार्ग प्रशस्त गरेका थिए । यादवकै पालामा वीरेन्द्र ठाकुर मुख्यन्यायाधिवक्ता थिए । यादवले विश्वासको मत गुमाएर राजीनामा गरेसंगै ठाकुरले पनि राजीनामा दिएका थिए । नीति आयोगका उपाध्यक्षले पनि राजीनामा दिइ मार्ग प्रशस्त गरेका थिए ।

यादवपछि मुख्यमन्त्री बनेका सिंहले मुख्यन्यायाधिवक्तामा महतो र नीति आयोगमा साहलाई नियुक्त गरेका थिए । सिंहसमेत प्रदेशमा तेस्रो मुख्यमन्त्री भइसके पनि उनीहरु आ-आफ्नो पदमै छन् । महतो र साहले दुई महिना भित्र तीन पार्टीको फरक फरक सांसद मुख्यमन्त्री नियुक्त हुँदा पनि कानुनी र आर्थिक सल्लाहकारको भूमिकाबाट मार्ग प्रशस्त नगर्दा विभिन्न खाले टिकाटिप्पणीसमेत हुन थालेको छ ।

यता मुख्यन्यायाधिवक्ता सुरेन्द्र महतोले आफू कुनै पार्टीको सदस्य नरहेको बताए । जनमत पार्टीबाट सिंह मुख्यमन्त्री बनेपछि उनले नै मुख्यन्यायाधिवक्ता र नीति आयोगमा साहलाई पनि नियुक्त गरेका थिए । तर उनले आफूले कुनै पनि पार्टीको सदस्य भएर नियुक्ति नपाएको दाबी गरे । यसबारे उनले मिडिया सामु प्रतिक्रिया नदिने जिकिर गरे ।

निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले आज पनि मधेश प्रदेशको मुख्यन्यायाधिवक्ता महतो नै रहेको बताए । 'मुख्यन्यायाधिवक्ता महतो र नीति आयोगका उपाध्यक्ष साहलाई मैले हटाएको होइन' उनले भने, हामी सरकारविरुद्ध र महतो सरकारको पक्षमा उभिएका छन् ।

# बोर्डको बेवास्ताले विधेयक अन्योल

**सुभाष कर्ण**

जनकपुरधाम । एसईई परीक्षामा १४ वर्षे उमेर हद प्रावधान हटाउने निर्णय अहिलेसम्म पनि कार्यान्वयनमा आएको छैन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७८ सालमै एसईई परीक्षामा १४ वर्ष उमेर पुगेपछि मात्र सहभागी हुनुपर्ने प्रावधान हटाउने निर्णय गरिएको थियो । तर राष्ट्रिय परीक्षा बोर्डले चार वर्षदेखि सो निर्देशनको कार्यान्वयन गर्नमा बेवास्ता गर्दै आएको छ ।

मन्त्रालयले विधेयक बनाए पनि बोर्डले उक्त विधेयकलाई बेवास्ता गर्दा कक्षा १० पूरा गरिसके पनि उमेर नपुगेका सयौँ विद्यार्थीको भविष्य अन्योल नै छ । खासगरी सरकारी विद्यालयका विद्यार्थी प्रभावित हुने खतरा बढ्दै गएपछि अभिभावक, विद्यालय र शिक्षा क्षेत्रका सरोकारवालाहरूले बोर्डमाथि प्रश्न चिन्ह खडा गर्न थालेका छन् ।

यज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुप जनकपुरधामका प्रधानाध्यापक संजय कुमार झाले बोर्डले जारी गरेको १४ वर्षे उमेर हदका कारण आफ्नो विद्यालयका केही विद्यार्थी परेको बताउँछन् । उनले भने 'परीक्षाबाटै वञ्चित हुने अवस्था छैन, सम्बन्धित पालिकाबाट जन्म दर्तामा मिति





सच्याउँदा फारम भर्ने सक्नेछ । आफ्ना विद्यालयका पनि उमेर नपुगेका विद्यार्थीहरुलाई जन्मदर्तामा मिति सच्याएर ल्याउन भनेको छु ।'

धनुषा जिल्लामै एक दर्जनबढी विद्यालय छन् । जसमा केही न केही विद्यार्थी उमेर हदमा परेका छन् । तर तिनीहरु पनि पालिकाबाट जन्मदर्ता सच्याएर नभए नयाँ जन्मदर्ता नै बनाएर फारम भर्ने गरेका छन् । जिल्ला शिक्षा इकाइ समितिले उमेर हदकै कारण परीक्षाबाट वञ्चित हुने कुरा हामी कहाँ जानकारी आएको छैन । त्यस्तो भए पनि विद्यालयले नै सम्बन्धित पालिकाबाट समन्वय गरी जन्ममिति सच्याएर काम गराउने गरेको बताए ।

मन्त्रालयले शिक्षा ऐन, २०२८ को दफा ४(ज)(१) अनुसार २०७८ चैत २ गते मन्त्रीस्तरीय निर्णय गर्दै एसईईमा उमेरहद नलगाउने स्पष्ट निर्देशन दिएको थियो । सो निर्णय कार्यान्वयनका लागि २०७८ चैत ७ गते राष्ट्रिय परीक्षा बोर्डमा पत्र दर्ता गरिएको थियो । तर बोर्डले त्यसको कार्यान्वयन गरी उल्टै, २०८३ सालका लागि कार्तिक १९ गते जारी गरेको रजिस्ट्रेशन सूचनामा पनि पुरानै १४ वर्षको सर्त यथावत नै राखेको छ ।

उक्त सूचनाको तेस्रो नम्बरको बुँदामा २०८२ मा रजिस्ट्रेसन फाराम भरी २०८३ को माध्यमिक शिक्षा परीक्षा समावेश हुनका लागि २०८३ चैत मसान्तमा १४ वर्ष उमेर पूरा गरेको हुनुपर्ने छ भनी उल्लेख गरिएको छ । कार्तिक १९ गतेदेखि रजिष्ट्रेशन फारम भराईंदैछ । मंसिर २४ गतेसम्म रजिष्ट्रेशन फारम भरिनेछ ।

नेपालको शैक्षिक संरचनामा निजी र सार्वजनिक विद्यालयबीच प्रारम्भिक तहमै असमानता छ । निजी विद्यालयमा प्लेग्रुप, एलकेजी, युकेजीजस्ता तह हुँदा विद्यार्थीहरू औपचारिक कक्षा १ शुरु गर्नु अघि नै तीन वर्षसम्म प्रारम्भिक शिक्षा लिन्छन् । यसले उनीहरूलाई कक्षा १० सम्म पुग्दा उमेर १४/१५ वर्ष पुग्ने हाल्छ ।

तर सरकारी विद्यालयमा यस्तो व्यवस्था नभएकाले विद्यार्थीहरू कक्षा १ नै छिट्टै शुरु गर्ने, जम्प गरेर माथिल्लो कक्षामा भर्ना हुने वा केही वर्षमै कक्षा १० सम्म पुग्ने गरेकाले समस्यामा पर्ने गरेका छन् । धेरै सरकारी विद्यालयका विद्यार्थी १३ वर्षमै कक्षा १० पूरा गर्ने अवस्थामा पुग्छन् । उनीहरूले समयमै परीक्षा दिने इच्छा राखे पनि १४ वर्ष नपुग्दा राष्ट्रिय परीक्षा बोर्डको सफ्टवेयरले नै फर्म नलिने स्थिति बनाएको छ ।

मन्त्रालयले शिक्षा ऐन, २०२८ को दफा ४(ज)(१) अनुसार २०७८ चैत २ गते मन्त्रीस्तरीय निर्णय गर्दै एसईईमा उमेरहद नलगाउने स्पष्ट निर्देशन दिएको थियो । सो निर्णय कार्यान्वयनका लागि २०७८ चैत ७ गते राष्ट्रिय परीक्षा बोर्डमा पत्र दर्ता गरिएको थियो । तर बोर्डले त्यसको कार्यान्वयन गरी उल्टै, २०८३ सालका लागि कार्तिक १९ गते जारी गरेको रजिस्ट्रेशन सूचनामा पनि पुरानै १४ वर्षको सर्त यथावत नै राखेको छ ।

## लागूऔषध ब्राउनसुगरसहित छ जना पक्राउ


**टुडे समाचारदाता**

लहान । लागूऔषध ब्राउनसुगरसहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सिरहाको नरहा गाउँपालिका र गोलबजार नगरपालिकाबाट लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित छ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाले जनाए अनुसार पूर्व- पश्चिम लोकमार्ग अन्तर्गत नरहा गाउँपालिका- ३ स्थित चौहर्वाबाट उदयपुर र सर्लाहीका चारजना युवकहरुलाई पक्राउ गरिएको छ ।

उनले पक्राउ पर्नेहरुमा उदयपुर जिल्लाको कटारी नगरपालिका- २ का अन्दाजी २३ वर्षीय केदारकुमार मगर, अन्दाजी १९ वर्षीय अर्थमान थापा र ३३ वर्षीय देवप्रसाद प्रसाइ तथा सर्लाहीको हरिवन नगरपालिका- १० का अन्दाजी ३२ वर्षीय कृष्ण रिजाल रहेका छन् ।

त्यस्तै गोलबजार नगरपालिका- ६ स्थित हटिया बजारमा लागूऔषध बिक्री वितरण भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले दुई जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार शंकास्पद अवस्थामा भेटिएका नरहा- ३ खोरिया टोलका अनुमानित २१ वर्षीय समिर लहेरी र गोलबजार- ६ का करिब २६ वर्षीय राजन विश्वकर्मालाई ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थसहित पक्राउ गरिएको छ ।

# नेपाल र यूरोपेली सङ्घको संयुक्त आयोगको बैठक सम्पन्न



काठमाण्डु । नेपाल र युरोपेली सङ्घबीचको संयुक्त आयोगको१६औँबैठकबेल्जियमको ब्रसेल्समा शुक्रबार सम्पन्न भएको छ । बैठकमा विकास सहयोग, व्यापार, जलवायु परिवर्तन, क्षेत्रीय सम्पर्क सञ्जाल तथा बहुपक्षीय सहकार्यलगायतका विषयमा विस्तृत छलफल भएको नेपाली दूतावास ब्रसेल्सले जनाएको छ ।

बैठकमा दुवै पक्षले नेपाल-यूरोपेली सङ्घबीचको सम्बन्ध सकारात्मक रूपमा अगाडि बढेको तथा विकास साझेदारीदेखि जनस्तरसम्मको सम्बन्धका विभिन्न आयामका बारेमा उल्लेख गरेका थिए । बैठकमा सङ्घका तर्फबाट प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले आर्थिक अनुशासन, सुशासन, जवाफदेहिता तथा सेवा विस्तारमा केन्द्रित रहेर गरिरहेको कामको प्रशंसा गरेको थियो ।

नेपालले दिगो विकास लक्ष्य प्राप्तिमा भइरहेको प्रगति प्रस्तुत गर्दै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र लगानी प्रवर्द्धनमा यूरोपेली सङ्घ तथा नेपालबीचको सहकार्य महत्वपूर्ण रहेको उल्लेख गरेको थियो । नेपालले सङ्क्रमणकालीन न्यायको प्रक्रियालाई कानुनअनुसार शिघ्र निष्कर्षमा पुर्याउने प्रतिबद्धता दोर्होयाएको थियो ।

यूरोपेली सङ्घले नेपाललाई अल्पविकसित देशबाट स्तरोन्नति गर्न तयार पारिएको सङ्क्रमणकालिन रणनीतिलाई स्वागत गर्दै यसअघि नै लागू भएको बहुवर्षीय कार्यक्रममार्फत सहयोग निरन्तर रहने प्रतिवद्धता व्यक्त गरेको छ । दुवै पक्षले विभिन्न क्षेत्रका विकास परियोजनामा भइरहेको प्रगतिमाथि पनि समीक्षा गरेको विज्ञप्तिमा उल्लेख छ ।

हवाई सुरक्षा सुधारलाई नेपालले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै यूरोपेली सङ्घको सन २०२३ को सेप्टेम्बरमा भएको मूल्याङ्कन भ्रमणमा उठेका विषय समाधान गर्ने प्रतिबद्धता दोर्होयाएको छ । नेपालले युरोपियन युनियन एयर सेफ्टी सूचीबाट नेपाली एयरलाइन्सलाई हटाइदिन पुनः अनुरोध गरेको छ ।

आयोगको १७औँ बैठक आगामी वर्ष काठमाडौँमा पारस्परिक सहमतिमा तय हुने मितिमा आयोजना गरिनेछ । बैठकमा परराष्ट्र सचिव अमृतबहादुर राई र यूरोपेली सङ्घकातर्फबाट एशिया प्रशान्त विभागका कार्यवहाक प्रबन्ध निर्देशक पाओला पाम्पालोनीले सहअध्यता गर्नुभएको थियो ।रासस

# बजार अनुमगनलाई तीव्र पार्दै विभाग

काठमाण्डु । चाडबाडको समयमा मात्रै बजार अनुगमन गरेको र अन्य समयमा भने चुपचाप बस्ने गरेको भनेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागप्रति गुनासो हुने गरेको थियो ।

तर, विभागका पछिल्ला गतिविधि र बजार अनुगमनलाई आयोजकले तीव्र पारेको छ ।

विभागले शुक्रबार मात्रै काठमाडौंका विभिन्न आठ उद्योग तथा फर्मको अनुमगन गरेको थियो । त्यसक्रममा क्रिष्टल स्टोर तारकेश्वर गोलढुङ्गालाई रु दुई लाख पाँच हजार जरिवाना गरेको छ । विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारवाही गरेको हो । त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।




ऐनको दफा ३९ मा ' बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक , ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले जरिवाना गर्न सक्नेछन् । ऐन अनुसार अनुचित व्यपारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम रु दुई लाखदेखि रु तीन लाखसम्म जरिवाना गर्न सक्नेछन् ।

काठमाडौँ महानगरपालिका ३१ नयाँ बानेश्वरमा अवस्थित घुम्ने किचेनलाई रु २० हजार जरिवाना गरेको छ । सिनामङ्गलको ग्रिन बड्स बेकरी क्याफेलाई रु पाँच हजार जरिवाना गरेको छ । ललितपुरको सुमेरु अस्पताल परिसरमा रहेको क्यान्टिनलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अन्य तीन फर्मलाई भने सामान्य निर्देशन दिइएको छ ।रासस

# 'बेसमेन्ट' खन्दा छिमेकीको घर चर्केको उजुरी बढ्यो



काठमाण्डु । काठमाडौँ महानगरपालिकामाभवननिर्माणका लागि बेसमेन्ट खन्दा निर्माण पक्षले सुरक्षा उपाय नअपनाएका कारण छिमेकीको घर चर्केको उजुरी सङ्ख्या बढ्न थालेको छ ।

पछिल्लो समय घर चर्केको मात्रै नभई कोल्टिएको, घरमा बस्न असुरक्षा भएको कारण बताउँदै क्षतिपूर्तिको मागसहित उजुरी दिने छिमेकीको सङ्ख्या बढ्न थालेको कामपा सहरी व्यवस्थापन विभागका प्रमुख इन्जिनियर हरिश्चन्द्र लामिछाने जानकारी दिनुभयो ।

उहाँका अनुसार भवन नक्सा स्वीकृत गर्दा नै यस प्रकारको काम गर्दा सुरक्षा उपाय बलियो प्रबन्ध गर्न, छिमेकीलाई असर नगर्न घरधनीले प्रतिबद्धता गर्नुपर्ने माग गरिएको छ । उहाँले भन्नुभयो, "यस्ता समस्या पहिले थोरै सुनिन्थे । अहिले बढ्न थाले । यसको दिगो समाधानका लागि प्राविधिक र सामाजिक पक्षको अध्ययन गर्नुपर्छ । विज्ञ र साझेदारको सहयोगमा हामी यो समस्या समाधानलाई अगाडि बढाउँछौँ ।"

"कानुनी मर्यादामा निर्माण पक्षले लापर्वाही गर्दा समस्या आएका हुन्", लामिछाने थप भन्नुहुन्छ, "भवन नक्सा स्वीकृति लिँदा तोकिएका सर्तहरूको पूर्ण पालना हुनुपर्छ । सर्त पूरा नहुँदा विवाद सृजना हुन थाले । यसले निर्माण अवधि पनि लामो हुन्छ । खर्च बढ्छ ।"

यसरी उजुरी परेपछि प्राविधिक टोलीलाई फिल्ड निरीक्षणमा पठाएर प्राविधिक टोलीले दिएको प्राविधिक प्रतिवेदनअनुसार कुन प्रक्रिया अवलम्बन गर्दा पीडितको क्षति कम हुन्छ ।

त्यसबाट कारबाही अगाडि बढाउने गरिएको लामिछानेको भनाइ छ । विभागका स्ट्रक्चर इन्जिनियर सन्तोष पाण्डेयका अनुसार बेसमेन्ट खनेका आफ्नो घर चर्किएको भनेर उजुरी दिनेहरूको सङ्ख्या दैनिक ३० को हाराहारीमा पुगेको छ । वडा नम्बर १३, १४, १५, ७ लगायत वडाबाट धेरै उजुरी र गुनासो रहेको पाण्डेयको भनाइ छ ।

जिओटेक्निकल इन्जिनियर उदयराज न्यौपाने भन्नुहुन्छ, "मानिस मानिस छिमेक भएजस्तै जमिन सतहको माटोको पनि आपसमा सम्बन्ध हुन्छ । यसलाई खन्दा सम्बन्ध टुट्छ । यो पक्षलाई नबुझ्दा समस्या आएको हो । भवन निर्माण गर्दा भवन निर्माण संहिताले निर्माण सुरक्षा अपनाउनुपर्ने व्यवस्था गरेको छ । यस्तै मुलुकी देवानी संहिता २०७० को परिच्छेद ३ को दफा २७८ बमोजिम निर्माणसम्बन्धी काम गर्दा सुरक्षात्मक उपाय अपनाउनुपर्छ । कुनै व्यक्तिले आफ्नो घर वा जग्गामा कुनै काम गर्दा सधियारको घर वा जग्गा वा सधियारलाई कुनै किसिमको हानिनोक्सानी नहुने वा असर नपर्नेगरी सुरक्षात्मक उपाय अपनाउनुपर्नेछ ।"रासस

# कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक मङ्सिर १५ गते बस्ने

काठमाण्डु । नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक यही मङ्सिर १५ गते बस्ने भएको छ ।

यसअघि मङ्सिर १४ गते बोलाइएको उक्त बैठक विशेष कारणले गर्दा मङ्सिर १५ गते सोमबारसम्मका लागि सारिएको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।



बैठक सोमबार दिउँसो २:०० बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्नेछ ।

कांग्रेसले उक्त बैठकमा उपस्थित हुनका लागि केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य र सातै प्रदेश कार्यसमितिका सभापतिहरूलाई निर्देशानुसार अनुरोध गरेको छ ।रासस

# विज्ञान तथा सूचना प्रविधि प्रदर्शनीको दश हजार विद्यार्थीले गरे अवलोकन



भक्तपुर । मिडभ्याली माध्यमिक विद्यालय कलेज भक्तपुरले आयोजना गरेको दुइदिने अन्तर विद्यालय प्रतियोगात्मक 'विज्ञान तथा सूचना प्रविधि प्रदर्शनी-२०८२'मा थिमिस्थित ग्लाडस्टोन एकेडेमीले प्रथम स्थान हासिल गरेको छ । शनिबार सम्पन्न प्रदर्शनीको समापनमा एकेडेमीले प्रथम स्थान हासिल गर्दै रु ३० हजार नगदसहित ट्रफी र मेडल हात पारेको मिड भ्याली कलेजका निर्देशक कमल अर्यालले जानकारी दिनुभयो ।

प्रदर्शनीमा सहभागी संस्कार गुरुकुल स्कुलले दोस्रो स्थान हासिल गर्दै रु २० हजार नगदसहित ट्रफी र मेडल हात पारेको छ भने नेपाल पुलिस स्कुलले तेस्रो स्थान हासिल गर्दै रु १० हजार नगदसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भएको छ ।

प्रदर्शनीमा सहभागी विद्यार्थीले भोट गरेको आधारमा प्रदर्शनरत उपकरण एवं सामग्रीमध्येबाट एभरेष्ट इङ्लिस स्कुलले रु पाँच हजार नगदसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भएको छ ।

> प्रदर्शनीमा सहभागी विद्यार्थीले भोट गरेको आधारमा प्रदर्शनरत उपकरण एवं सामग्रीमध्येबाट एभरेष्ट इङ्लिस स्कुलले रु पाँच हजार नगदसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भएको छ ।

भक्तपुर, काभ्रेलगयात उपत्यकाका विभिन्न ६७ विद्यालयलाई मिड भ्याली कलेजले उपकरण एवं सामग्री निर्माणमा एवं प्रदर्शनी गरेवापत् प्रत्येक सहभागि ६७ विद्यालयलाई रु ६ हजारका दरले नगद प्रदान गरिएको थियो ।

प्रदर्शनीमा उपत्यकाभित्रका ६७ विद्यालयका विद्यार्थीद्वारा निर्मित ९३ उपकरण एवं सामग्री राखिएका थिए । प्रदर्शनीमा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीले विज्ञान र सूचना प्रविधितर्फको नविनम प्रयोगलाई जोड दिँदै निर्माण गरेका स्मार्ट सिटी, वाटर सिस्टम, वाटर पोलुसन, स्मार्ट होम, सौर्य ऊर्जा, स्वास्थ्य, भवन निर्माणलगायतका विभिन्न उपकरण एवं सामग्री प्रदर्शन गरिएको थियो ।

दुई दिनसम्म सञ्चालन भएको प्रदर्शनीको १० हजारभन्दा बढी विद्यार्थीले अवलोकन गरेका थिए ।रासस

# नेपाल उत्कृष्ट साहसिक पर्यटन गन्तव्यको रुपमा भारतमा सम्मानित

काठमाण्डु । भारतको पुणेमा आयोजित भारत इन्टरनेशनल ट्राभल मार्ट (आईआईटीएम) मा नेपाललाई वर्षको उत्कृष्ट साहसिक पर्यटन गन्तव्यका रूपमा सम्मान गरिएको छ । यही नोभेम्बर २७ देखि २९ सम्म आयोजित आईआईटीएममा अवार्ड्स नाइट, ०२५ मा नेपाललाई यो प्रतिष्ठित अवार्ड प्रदान गरिएको जनाइएको छ ।

उक्त अवार्ड नेपाल पर्यटन बोर्डका तर्फबाट बोर्ड सदस्य नरेन्द्र भट्ट र वरिष्ठ अधिकृत नरायण बस्यालले ग्रहण गरेका गर्नुभयो । अवार्ड समारोहमा आयोजित 'डेस्टिनेसन प्रिजेन्टेशन' सत्रमा बोर्डका वरिष्ठ अधिकृत रोबिन रेग्मीले नेपालको विविध पर्यटन आकर्षणहरू, बुद्ध सर्किट, रामायण सर्किट, तथा अन्तरदेशीय इको-ट्रेलहरूजस्ता पर्यटन उत्पादन समेटिएको श्रव्यदृश्य प्रस्तुति निुभएको थियो ।

जसमा नेपालमा युनेस्को विश्व सम्पदा सूचीमा परेका क्षेत्रहरू, आध्यात्मिक तीर्थाटन मार्गहरू, विश्वस्तरीय पदयात्रा तथा हिमाल आरोहण अवसरहरू र रोमाञ्चक साहसिक खेलहरू प्रमुख आकर्षण रहेको बारे जानकारी गराइएको हो । आइआइटीएम पुणे,




२०२५ मा नेपाल पर्यटन बोर्डको सक्रिय सहभागिताले भारतीय पर्यटन बजारसँगको सम्बन्ध अझ प्रगाढ बनाउने तथा नेपाललाई ' अल सिजन डेस्टिनेसन' र ' लाइफटाइम एक्सपेरियन्स' प्रदान गर्ने देशका रूपमा प्रवर्द्धन गरिएको बोर्डको नेतृत्व गर्दै कार्यक्रममा सहभागी वरिष्ठ अधिकृत रेग्मीले बताउनुभयो ।

आइआइटीएममा नेपाल पर्यटन बोर्डले १५ वटा प्रमुख ट्राभल व्यापार कम्पनीहरूसँगको सहकार्यमा भारतका यात्रा व्यवसायी तथा प्रमोटरका माझ नेपालका विशिष्ट पर्यटन प्याकेज तथा आकर्षणहरू प्रभावकारी रूपमा प्रस्तुत गरेका थिए ।

तीनदिने ट्राभल मार्टमा विश्वका विभिन्न मुलुकका विभिन्न ट्राभल व्यापार प्रतिनिधि तथा पर्यटन व्यवसायी र पर्यटकहरूको सक्रिय सहभागिता छ । बोर्डले आइआइटीएममा रहेको नेपाल पभेलियनमा नेपालका समृद्ध सांस्कृतिक सम्पदा, साहसिक गन्तव्य, र अतिथिसत्कार प्रस्तुत गर्ने सशक्त मञ्च भएको उल्लेख गरेको छ ।

नेपाल पर्यटन बोर्ड तथा साझेदारहरूको सफल सहभागिताले नेपालप्रति भारतीय बजारमा उल्लेखनीय चासो र माग बढाउने बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीले बताउनुभयो । यस किसिमका अन्तराष्ट्रिय मञ्चहरुमा भएको बोर्डको सक्रिय सहभागिताले नेपाललाई भारतीय पर्यटकहरूको प्राथमिक गन्तव्यका रूपमा थप सशक्त बनाउने सीईओ जोशीको विश्वास छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : प्रयत्न गर्दा राम्रो उपलब्धी हातलागी हुनेछ ।
वृष : सामान्य काममा धन र श्रम खर्च हुनेछ ।
मिथुन : शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ ।
कर्कट : कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ ।
सिंह : प्रेमको बन्धन कसिनेछ । दिन निकै रमाइलो र उत्साहवर्धक रहनेछ ।
कन्या : अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ ।
तुला : विचार सम्प्रेषण गर्नु अघि राम्ररी विचार पुर्याउनुहोला ।
वृश्चिक : घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउनेछ ।
धनु : बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ ।
मकर : नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ।
कुम्भः आम्दानीका नया स्रोत थपिदै जानेछन् । काममा लगानी हुन सक्नेछ ।
मीन : समय शुभ रहेकाले धार्मिक कार्यमा लगानी हुन सक्नेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन
बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन
बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



मिथिला नगरपालिका-४ स्थित माता चम्पावती चामैन (चमिनिया) माई महारानीको गर्भागृहमा शनिबार पूजाअर्चना गर्दै भक्तजन। मनोकामना पूरा हुने अटुट विश्वासका कारण नेपाल-भारतका विभिन्न स्थानबाट यहाँ दर्शनार्थीहरु आउने गरेको छ। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# अझै २७३ कैदीबन्दी फरार

जलेश्वर । जेनजीको आन्दोलनका क्रममा गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीमध्ये २७३ जना अझै फरार रहेका छन् ।

जलेश्वर कारागार तोडेर भागेका ४० भारतीयसहित ५७६ कैदीबन्दी मध्ये ३०३ जना फर्किसकेका जेलर अशोककुमार क्षेत्रीले बताउनुभयो ।

उहाँका अनुसार अझै पनि भागेका कैदीबन्दी आउने क्रम जारी रहेको छ ।

कारागार तोडेर भागेका कैदीबन्दीलाई भदौ २५ गते कारागार प्रशासनले फर्किन आह्वान गरेको थियो ।

जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित



कानुन बमोजिम कारबाही हुने तथा कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्ति उपर पनि कानुन बमोजिम कारबाही हुने बताउनुभयो ।

जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राऊ गरी पुनः कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दी आफैँ स्वेच्छाले कारागारमा फर्किएका हुन् । फरार कैदीबन्दीको खोजतलाश गरिरहेको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताउनुभयो । रासस

# वीरगञ्ज हुँदै चार महिनामा ५४ अर्ब १२ करोडको पेट्रोलियम पदार्थ आयात




वीरगञ्ज । चालु आर्थिक वर्षको चार महिनामा वीरगञ्ज नाका भएर रु ५४ अर्ब १२ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ ।

डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयातबाट रु २२ अर्ब ९० करोड राजस्व सङ्कलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा रकमको आधारमा पाँच थरिका पेट्रोलिम पदार्थको आयातमा रु दुई अर्ब ९३ करोडले बढी हो ।

जबकी गत आवको चार महिनाको अवधिमा भने रु ५१ अर्ब १९ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात हुँदा २० अर्ब ८९ करोड राजस्व सङ्कलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको चार महिनामा पेट्रोलियम पदार्थको आयातमा केही वृद्धि भएको जानकारी दिनुभयो । "गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट प्राप्त हुने राजस्वमा समेत नौ दशमलव ६० प्रतिशतले बढेको छ," उहाँले भन्नुभयो ।

वीरगञ्ज भन्सार कार्यालयका चालु आवको कात्तिक मसान्तसम्म रु २४ अर्ब ४० करोड मूल्य पर्ने दुई लाख ६८ हजार ६७६ किलोलिटर डिजेल आयात भएको छ । सो डिजेल आयातबाट रु १० अर्ब ७३ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको सोही अवधिमा भने २१ अर्ब ८३ करोड मूल्य पर्ने डिजेल आयात भएको थियो । सोबाट नौ अर्ब ७८ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको चार महिनामा रु १४ अर्ब २७ करोड मूल्य पर्ने एक लाख ६६ हजार ६६३ किलोलिटर पेट्रोल आयात भएको छ । सो पेट्रोल आयात हुँदा रु नौ अर्ब ४३ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको चार महिनामा भने १२ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोल आयात हुँदा आठ अर्ब ११ करोड राजस्व सङ्कलन भयो ।

चालु आवको चार महिनाको अवधिमा रु नौ अर्ब ७७ करोड मूल्य पर्ने नौ करोड ७३ लाख ९६ हजार ४७२ किलोग्राम एलपी ग्यास आयात भएको छ । सो आयातबाट रु एक अर्ब ८३ करोड राजस्व सङ्कलन भएको छ। त्यस्तै गत आवको सोही अवधिमा भने रु ११ अर्ब १० करोड मूल्य पर्ने रु १० करोड तीन लाख ५९ हजार किलोग्राम एलपी ग्यास आयात भएको थियो । सो आयातबाट रु दुई अर्ब आठ करोड राजस्व सङ्कलन भएको थियो ।रासस

# जैविक तटबन्धले जोगायो विद्यालय

सिरहा । चुरे पर्वतको काखबाट बग्ने बेतहा खोलाको त्रासले लहान नगरपालिका-१५ स्थित करिब ८० घरधुरी रहेको बेतहा बस्ती र त्यहाँको आधार भूत विद्यालय बेतहालाई हरेक वर्ष सताउने गर्दथ्यो । लहानको मुख्य बजारबाट करिब २० किलोमिटरको दूरीमा अवस्थित यो दुर्गम क्षेत्रमा वर्षायाम सुरु हुनासाथ बेतहा खोलाले रौद्र रूप लिँदा सबैको मनमा सधैँ डर हुन्थ्यो ।

हिउँदमा शान्त देखिने बेतहा खोला वर्षा सुरु हुनासाथ रौद्र रूप लिन्थ्यो र यसको प्रहार सिधै विद्यालयमाथि पर्थ्यो । "खोलाले किनारा कटान गर्दै जाँदा विद्यालय भवन नै जोखिममा परेको थियो । कुन बेला के हुने हो, थाहा नै हुन्न थियो," विद्यालयका प्रधानाध्यापक सुन्दरलाल चौधरी विगत सम्झँदै भन्नुहुन्छ, "सारा विद्यार्थीको भविष्य अन्धकारमा धकेलिन लागेको थियो । वर्षा लागेपछि त विद्यालय नै बन्द गर्नुपर्थ्यो ।"

बेस्सरी कटान हुँदै आएको बेतहा खोलाले विद्यालयको चौर डुबाउँथ्यो, कक्षाकोठा चिस्याउँथ्यो र विद्यार्थीको उज्ज्वल भविष्य हरेक वर्षाको बाढीसँगै बग्दै जाने डर पनि उत्तिकै थियो । यस दुर्गम बस्तीको अस्तित्वलाई नै प्रश्नको घेरामा पुर्‍याइरहेको बेतहा खोलाले



विद्यालय मात्र होइन, छेउमै रहेको स्थानीय स्वास्थ्य चौकीलाई पनि उत्तिकै जोखिमपूर्ण बनाएको थियो ।

नगरपालिकाले स्थानीयको सहजताका लागि एक स्वास्थ्यकर्मीसहित ढोडना स्वास्थ्य चौकीको एक शाखा यहाँ खोलेको थियो । तर, बाढी आएपछि औषधि, उपकरण र कर्मचारी सबै जोखिममा पर्थे । स्थानीयका लागि बनेको सुविधा बाढीको एक झट्कामै बन्द हुने डरले सधैँ घेरेको हुन्थ्यो ।बेतहा बस्तीका बासिन्दालाई आफ्नो घर, विद्यालय र स्वास्थ्य सेवा जोगाउन प्रकृतिसँग हरेक वर्ष सङ्घर्ष गर्नुपर्ने बाध्यता थियो । यो वर्षको दृश्य फरक छ। बस्ती जोगाउने अभियान अब प्रकृति र स्थानीयबीचको सफल सहकार्य बनेको छ ।

करिब छ महिनाअघि लहान नगरपालिकाको समन्वयमा सुरु भएको संरक्षण परियोजनाले यहाँ नयाँ आशा जन्मायो, जैविक तटबन्ध। केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन), राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल र गाउँलेको सामूहिक प्रयास तथा श्रमदानबाट यो तटबन्ध निर्माण गरिएको थियो ।

बर्खा सुरु हुनुअघि नै स्थानीय स्रोत साधनको उपयोग गर्दै बाँस, घाँस, बिरुवा र स्थानीय प्रजातिका बोटबिरुवा लगाएर नदी किनारलाई मजबुत बनाउने काम थालियो । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का कार्यक्रम अधिकृत टेकेन्द्र साह भन्नुहुन्छ, "जैविक तटबन्ध बनाउँदा खर्च कम हुने, दीर्घकालीन रूपमा माटो सम्हाल्ने क्षमता बढ्ने र वातावरण मैत्री हुने भएकाले हामीले यसलाई प्राथमिकता दिएका हौँ ।"

केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदिश भट्टकाअनुसार, यस परियोजनाअन्तर्गत बेतहा क्षेत्रमा तीनवटा जैविक तटबन्ध निर्माण गरिएको छ। उहाँ भन्नुहुन्छ, "संस्थाको तर्फबाट केही न्यूनतम बजेट र स्थानीयको श्रमदानबाट यस्ता जैविक तटबन्ध निर्माण गरिएका हुन्, जसले पहिरो नियन्त्रणमा पनि काम गरिरहेको छ।" उहाँका अनुसार अन्य ठाउँमा पनि स्थानीयसँगको सहकार्यमा क्रमश जैविक तटबन्ध निर्माण गरिनेछ।

यस प्रकारको तटबन्ध सफल अनि प्रभावकारी देखिएको वडा नं १५ का अध्यक्ष तेजनारायण चौधरीको भनाइ छ। उहाँ आफ्नो वडा बाढी, पहिरो र नदी कटानको बढी जोखिम क्षेत्र भएकाले अन्यत्र पनि यस्तै विधि अपनाई नियन्त्रण गर्न लागिपर्ने बताउनुहुन्छ।

कटान रोक्न सकिने भएपछि स्थानीयको उत्साह झन् बढेको छ । वर्षौंदेखि खोला कटानको भयले असुरक्षित महसुस गर्दै आएका उनीहरू अहिले भने आत्मविश्वासका साथ भविष्य कल्पना गर्न थालेका छन् । "हामीले आफैंले बनाएको सुरक्षाले अब ढाडस दिएको छ," स्थानीय विचारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कर्णबहादुर तामाङले भन्नुभयो, "समुदायको श्रम र एकताको बलले खोलोलाई नियन्त्रण गर्न सकिने रहेछ भन्ने बुझ्यौँ । यसले हामीलाई हाम्रो बस्ती सुरक्षित रहन्छ भन्ने भरोसा दिलाएको छ।"

जैविक तटबन्ध सस्तो, दिगो र वातावरणमैत्री मात्र होइन, स्थानीयले नै बनाउन र मर्मत गर्न सक्छन् । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल सिरहाका सचिव रुद्र नारायण चौधरीका अनुसार, यस्ता जैविक तटबन्धले वर्षेनी दोहोरिने बाढी-पहिरोको जोखिम कम गर्नुका साथै वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारीमा पनि सकारात्मक प्रभाव पार्छ ।रासस

# गृहमन्त्री अर्यालद्वारा प्रहरी वृत्त बौद्ध र प्रभाग साँखुको अवलोकन

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले जेनजी आन्दोलनको समयमा क्षतिग्रस्त भएका प्रहरी वृत्त बौद्ध र प्रहरी प्रभाग साँखुको अवलोकन गर्नुभएको छ।

शनिबार उहाँले गत भदौ २४ गते जेनजी आन्दोलनका कारण क्षतिग्रस्त प्रहरी वृत्त



बौद्ध र प्रहरी प्रभाग साँखुको अवलोकन गरेर प्रहरीले गरेको कामकारबाही र त्यस क्षेत्रको शान्तिसुरक्षाका बारेमा जानकारी लिनुभयो ।

अवलोकनका क्रममा गृहमन्त्री अर्यालले मुलुकमा शान्तिसुरक्षा कायम राख्न र अपराध नियन्त्रणका लागि प्रहरीलाई उच्च मनोबलका साथ काम गर्न निर्देशन दिनुभयो । उहाँले जेनजी आन्दोलनका कारण क्षतिग्रस्त संरचना पुनर्निर्माणमा नागरिकस्तरबाट नेपाल प्रहरीले ठूलो सद्भाव पाएको बताउँदै अब प्रहरीले शान्तिसुरक्षासँगै सुशासन प्रवर्द्धन लाग्नुपर्नेमा जोड दिनुभयो ।

गृहमन्त्री अर्यालसँगै काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्की र जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले पनि उक्त क्षेत्रको अवलोकन गर्नुभएको थियो।रासस

# प्रलोपाले देशैभर भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने




काठमाण्डु । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले देशभर भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। प्रलोपाको विस्तारित बैठकले जिएस गुरुङको नेतृत्वमा कार्यदल बनाउने निर्णय गरेको हो ।

अध्यक्ष परिषद्का अध्यक्ष दुर्गा सोबले शनिबार प्रेस विज्ञप्तिमार्फत विस्तारित बैठकले कार्यदलका सदस्यहरू जटिल कार्की, अमित खनाल ऊर्जा, सम्झना राई, ध्रुवप्रसाद काप्री, मञ्जु मिक्चान र दीपक महतो रहने गरी कार्यदल बनाउने निर्णय गरेको जानकारी दिनुभयो ।

विज्ञप्तिमा भनिएको छ, "राष्ट्रिय स्वाधीनता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा तथा भ्रष्टाचार र विभेदविरुद्ध एकजुट हुन सम्पूर्ण प्रगतिशील, लोकतान्त्रिक र वामपन्थी शक्तिलाई आह्वान गर्दछौँ । साथै, तोकिएको समयमा निर्वाचन गराउनका लागि वातावरण बनाउन सम्बन्धित सबै पक्षलाई आग्रह गर्दै पार्टीले बृहत् एकीकरण, ध्रुवीकरण र सहकार्यका लागि वार्ता गर्ने पनि निर्णय गरेको छ।

"गत आइतबार नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक बाबुराम भट्टराई, जनार्दन शर्मा, राम कर्मी, सुदन किराती, सन्तोष परियारलगायत नेताहरूको सक्रियतामा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) घोषणा गरिएको थियो ।

प्रलोपाको अध्यक्ष परिषद् को विस्तारित बैठकले केन्द्रीय समितिको प्रथम पूर्ण बैठक यही मङ्सिर २५-२६ गते सम्पन्न गर्ने, विधान निर्माण, केन्द्रीय समितिको आकार र विभागहरू नामकाजी नभएर कामकाजी बनाउने, निर्वाचन क्षेत्रमा खट्ने सक्रिय युवालाई प्रत्येक निर्वाचन क्षेत्रबाट केन्द्रीय समितिमा समेट्ने गरी प्राथमिकता दिने, केन्द्रीय आयोग, केन्द्रीय विभागका प्रमुख, उपप्रमुख र प्रदेश अध्यक्ष परिषद्सम्म पदेन केन्द्रीय समितिको भूमिकामा रहने व्यवस्थासहित प्रस्ताव गर्ने निर्णय गरेको अध्यक्ष परिषद्का अध्यक्ष सोबले जानकारी दिनुभयो ।

उहाँका अनुसार आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सदस्य निर्वाचन र सुशासन केन्द्रित प्रचारप्रसारलाई तीव्रता दिन आइटी सञ्चारलाई व्यवस्थित गर्ने पनि पार्टीले निर्णय गरेको छ। रासस

# औषधि व्यवसायीद्वारा संशोधित औषधि ऐन सच्याउनुपर्ने माग

काठमाण्डु । नेपाल औषधि व्यवसायी सङ्घ, काठमाडौँले संशोधित औषधि ऐन सच्याउनुपर्ने माग गरेको छ । सङ्घले शनिबार विज्ञप्ति जारी गरी सङ्घीय संसद् बाट पारित भएसँगै गत साउन १४ गतेदेखि लागू भएको ऐनको दफा ११ का केही व्यवस्थाले औषधि व्यवसायीहरूलाई चिन्तित बनाएको जनाएको छ। सङ्घले 'सरकारद्वारा संशोधित औषधि ऐन, २०३५ को दफा ११ का उपदफा (३) र (५) सच्याउनुपर्ने माग गरेको हो ।

संशोधित दफा ११ अनुसार तोकिएको मितिभित्र उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र तथा प्रमाणपत्र नवीकरण नगरेमा ३० दिनभित्र दोब्बर दस्तुर तिरी नवीकरण गर्न सकिने, तर उक्त अवधि पनि कटेमा प्रमाणपत्र स्वतः रद्द हुने व्यवस्था गरिएको छ । सङ्घको भनाइअनुसार त्यस्तो कठोर प्रावधानले एक दिनको ढिलाइमै पनि दशकौँदेखि सञ्चालनमा रहेका व्यवसाय बन्द हुने खतरा रहेको छ। सङ्घले आफ्ना माग पूरा नभएको भन्दै आइतबारदेखि विरोधका कार्यक्रम अगाडि बढाउनेसमेत जनाएको छ।

सङ्घ काठमाडौँका महासचिव शुभमान श्रेष्ठले उक्त व्यवस्थाले हजारौँ व्यवसायीहरू विस्थापित हुने अवस्था आउने भन्दै सच्याउन आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, "२०५७ सालमा भएको दोस्रो संशोधनमा पनि यस्तै 'स्वतः रद्द' हुने व्यवस्था राखिएको थियो । तीव्र विरोधपछि विभागले औषधि दर्ता नियमावली २०३८ मा 'द्रष्टव्य' राखेर प्रावधान सच्याएको थियो। २०७२ मा सो द्रष्टव्य हटाइएपछि अब पुनः कठोर प्रावधान लागू भएको छ। यो व्यवसायीको हित विपरीत छ।"रासस





## आगामी निर्वाचनमा आफ्नो नेतृत्वमा नयाँ राजनीतिक शक्ति उदाउने हर्क साम्पाङको दाबी

खाँदबारी। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले आगामी निर्वाचनमा आफ्नो नेतृत्वमा नयाँ राजनीतिक शक्ति उदाउने दाबी गर्नुभएको छ।

शनिबार यहाँको खाँदबारीमा आयोजित सङ्गठन बिस्तार तथा जागरण सभामा उहाँले विगतका वर्षमा देखिएको राजनीतिक अस्थिरता, भ्रष्टाचार र सरकारी असफलताबाट जनताले वैकल्पिक शक्तिको खोजी गरेको बताउनुभयो ।

अध्यक्ष साम्पाङले पार्टीले त्यही विकल्पका रूपमा अघि बढिरहेकाले पार्टीले जनसमर्थनसहित उल्लेख्य सफलता हासिल गर्ने जिकिर गर्नुभयो ।

आफ्नो पार्टी प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री पद्धतिको पक्षमा रहेको बताउँदै उहाँले भ्रष्टाचारविरुद्ध कठोर नीति अपनाउने बताउनुभयो । "भ्रष्टाचार गर्दिनँ, गर्न पनि दिइने छैन। हाम्रो सरकार सुशासन, पारदर्शिता र मितव्ययितामा आधारित हुनेछ", अध्यक्ष साम्पाङले भन्नुभयो,"उत्पादन र निर्माणलाई प्राथमिकतामा राखेर देश आर्थिक रूपमा सक्षम बनाउने लक्ष्य पार्टीले लिएको छ। उत्पादनमा वृद्धि गर्न नसक्दा ठूलो सङ्ख्यामा नेपाली बेरोजगार बन्नु परेको पीडा हामीलाई थाहा छ।"उहाँले गाउँगाउँमा सङ्गठन बलियो बनाउँदै सामाजिक र आर्थिक रूपान्तरणमा जुट्ने बताउनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# नाबालिग बलात्कारमा रहस्यमय मौनता

जनकपुरधाममा सीताराम विवाह महोत्सवको तयारी चलिरहेको बेला एकजना नाबालिगलाई दुई दिनसम्म बन्धक बनाएर बलात्कार गरिएको घटना सार्वजनिक भएको छ। बलात्कार भइसकेपछि बलात्कारीका परिजन र पीडित नाबालिगका परिजनले गुपचुप रुपमा घटनालाई लुकाउने प्रयास गरे। गत कार्तिक २२ र २३ गते नबालिगलाई जानकी चोकस्थित एक होटेलमा बन्धक बनाएर निरन्तर बलात्कार गरे। बलात्कारी र पीडितका परिजनले घटनालाई करिब ३० लाख रुपैयाँसम्मको लेनदेन गरी मिलाउने प्रयास गरे। पीडितका परिजनका अनुसार सुल्झिएको मुद्दालाई प्रहरीले अल्झाइ दिएको छ। घटनालाई गुपचुप मिलाउने प्रयास गरेकाहरुको कारण पीडितका आफन्तले पनि प्रहरीमा जाहेरी गर्न चाहेनन्। उनीहरुले नगद पनि लिइसकेको बताइन्छ। यद्यपि यसको यथार्थ प्रहरीले पुष्टि गरिसकेको छैन। नाबालिगको आफन्तलाई पीडित परिवारको तर्फबाट दबाब र प्रभावमा पारेर प्रहरीसम्म पुग्न दिएको थिएन। प्रहरीले चर्चाको भरमा अनुसन्धान गरी घटनाको सत्यतथ्य बाहिर ल्याएको छ। घटनामा संलग्न जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १० बस्ने मनोज कुमार साहलाई प्रहरीले काठमाण्डुबाट नियन्त्रणमा लिएको भए पनि उनका मतियार भाई भने फरार भएका छन्। उनले नै राजनीतिक र आर्थिक दबाब दिएर पीडित परिवारलाई मिलाउने मुख्य भुमिका निर्वाह गरेको बताइन्छ। नाबालिगलाई बन्धक बनाएर जबर्जस्ती करनी गरेको अभियोगमा साह पक्राउ परे पनि घटनालाई मिलाउनेहरु प्रहरीको पहुँच भन्दा टाढा रहेको बताइन्छ। प्रहरीले नाबालिग बलात्कारमा संलग्न रहेकाहरुलाई पक्राउ गरी कानुनको दायरामा ल्याउन सक्रिय रहेको छ। केही नेता र पूर्वमन्त्रीहरुले बलात्कारका अभियुक्तहरु र मतियारलाई उन्मुक्ति दिन प्रहरीमाथि दबाब दिन थालेको बताइन्छ। देशमा महिला हिंसाविरुद्धको १६ दिने राष्ट्रिय अभियान सञ्चालन भइरहेको छ। तर नाबालिगलाई बन्धक बनाएर जबर्जस्ती करणी गर्नेहरुलाई कारबाही गराउन चासो देखाएको छैन। गोष्ठी र भत्तामुखी भएका महिला अधिकारकर्मीहरुको उदासिनताले जबर्जस्ती करणीमा संलग्नहरु पक्राउ परेको छैन। अभियुक्तहरुलाई उन्मुक्ति दिलाउन प्रहरीमाथि दबाब बढिरहे पनि अधिकारकर्मीहरुले दोषीलाई कारबाहीको दायरामा ल्याउन सशक्त आवाज उठाउनुपर्नेमा मौन साधेका छन्। महिलामाथि हुने हिंसा नियन्त्रणका लागि १६ दिनसम्म निरन्तर कार्यक्रम गर्ने महिला अधिकारकर्मीहरुले नाबालिगको जबर्जस्ती करणीमा मौन बस्ने भएपछि अभियानको औचित्य पुष्टि हुन सक्दैन। अपराधिलाई संरक्षण गर्न हुँदैन। जनकपुरधाम उपमहानगरको नेतृत्व गर्ने चाहना राख्नेहरुमाथि नाबालिग बलात्कारको अभियोग लाग्नु दुर्भाग्यपुर्ण हो। अधिकारकर्मीहरुले दबाब र प्रभावमा परेर मुख बन्द गरेकी नाबालिगको पक्षमा सशक्त आवाज उठाउन अधिकारकर्मीहरु पछि पर्न हुँदैन। महिलामाथिको हिंसाको विरुद्ध महिला मात्र होइन, पुरुषसमेतले आवाज उठाउनु पर्छ। हिंसाको विरोध गर्न नसक्नेहरुले केही नारीलाई भेला गरेर सम्मान हुँदैन। महिलाहरु एकजुट भएर बलात्कारीलाई कारबाही गराउन सफल भए मात्र यस्ता जघन्य अपराधमा कमी आउने छ।

# ओली किन बढी आक्रामक ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

सिपालु घोडसवार आफ्नो वशमा राख्नेसक्ने घोडाको सवारी गर्छन्। घोडाको गति, शक्ति र स्वभावको ख्याल नगरी बढी फूर्तिलो घोडाको सवारी गऱ्यो भने लड्न बेर लाग्दैन्। यदि, घोडा अर्कोले कुदाँउने आफू पछाडि सवार भई लगाम थामेर नियन्त्रण गर्न खोज्यो भने निश्चित रुपमा गम्भीर दुर्घटना निम्त्ने छ।

घोडाको लगाम समातेजस्तै देश वा दल चलाउन सत्ता र शक्ति आफ्नै हातमा राख्नुपर्छ। त्यसो नगरी आफू सक्षम हुँदाहुँदै मन पराएको व्यक्तिलाई सत्ताको वागडोर थमाइयो भने केही दिनपछि तपाईलाई नै अलग्याउन कोशिस गर्छन्। किनभने, सत्तामा आसिन व्यक्तिमा सधैं आफूभन्दा वरिष्ठ व्यक्तिको भय रहन्छ। जसरी, सत्तामा बसाइएको छ, त्यस्तै, सत्ताबाट हटाउन सक्छन् भन्ने मनमा उद्विग्नता खेल्दै रहन्छ। त्यसकारण, सत्तासीन व्यक्ति आफ्नो वर्चस्व बनाउन तल्लीन रहन्छ। विश्वमा अनेकौं यस्ता उदाहरण छन्। तर, आफ्नै मुलुकभित्र थुप्रै उदाहरण छन्। शेरबहादुर देउवा विद्यार्थी कालदेखि नै गिरिजावावुको विश्वासपात्र थियो। २०४८ सालमा आफू प्रधानमन्त्री हुँदा देउवालाई गृहमन्त्री बनाएका थिए। २०५१ सालको मध्यावधि निर्वाचनमा काँग्रेस दोश्रो दल बन्यो। एमालेको सरकार बन्यो। नौं महिनापछि मनमोहन अधिकारीको सरकार ढलेपछि २०५२ सालमा काँग्रेसले राप्रपाको सहयोग लिएर सरकार गठन गर्ने निर्णय गऱ्यो। काँग्रेसका अधिकांस साँसद् शैलजा आचार्यलाई प्रधानमन्त्री बनाउने पक्षमा थिए। तर, गिरिजावावुले अहिलेको परिस्थितिमा एउटै परिवारबाट लगत्तै दोश्रो प्रधानमन्त्री बनाउँदा राम्रो सन्देश नजाने भनेर देउवाको नाम सुझाएका थिए। देउवा प्रधानमन्त्री भएपछि उनले आफ्नै गुट खडा गर्दै अन्ततः २०५९ साल जेठमा पार्टी फोडेर नेपाली कँग्रेस (प्रजातन्त्रवादी) गठन गरेका थिए। केपि ओलीको हातमा एमाले पार्टीको नेतृत्व आएपछि उनले सवैभन्दा पहिले माधवकुमार नेपाल, बामदेव गौंतम, झलनाथ खनाल, भीम रावललगायतलाई निस्तेज गर्दै पार्टीबाट बाहिर निस्कन बाँध्य पाऱ्यो। प्रचण्डलाई मोहन वैद्यसँग खतरा थियो। २०६५ सालमा प्रचण्ड प्रधानमन्त्री पदमा आसिन रह्दा वैद्यकै दवावमा उनले तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटुवाललाई बर्खास्त गरेका थिए। कटुपालको तत्कालीन राष्ट्रपति रामवरण यादवले मन्त्रिपरिषद परिषदको उक्त निर्णयलाई स्वीकार नगरेपछि कटुवाल आफ्नै पदमा पुनःस्थापित भएका थिए। अन्ततः प्रचण्डले अपमान महशुस गरी राजीनामा गरेका थिए। त्यसपछि, प्रचण्डले पुराना साथीहरु मोहन वैद्य, डा. बावुराम भट्टराई, लेखराज भट्ट, रामबहादुर 'बादल'को पार्टीमा महत्व घटाउँदै गएपछि उनीहरु पार्टी छोड्दै कोही पार्टी निर्माण गरे त कोही अन्य वामपन्थी पार्टीमा प्रवेश गरेका थिए। जेन्जी आन्दोलनपछि प्रचण्ड घेराउमा पर्नसक्ने अवस्था देखेपछि जनार्दन शर्मालगायतलाई छोडेर नेपाली कम्युनिष्ट पार्टी गठन गरेका छन्। नेपाली कम्युनिष्ट पार्टीलाई 'हजुरबुवाको पार्टी' उपनाम दिँदा अतिशयोक्ति नहोला। यि हजुरवुवाको पार्टी नवयुवा जेन्जीको दलसँग आउँदो निर्वाचनमा प्रतिस्पर्धा गर्नेछन्। सत्ता र नेतृत्वका लागि सिद्धान्त र साथीहरु त्याग्ने मनोवृतिले राजनेताको छवि धुमिल हुनुका साथै राजनीति मात्र स्वार्थको खेल हो भन्ने चरितार्थ हुन्छ।

नेपालका जेन्जीहरु सत्तारुपी घोडामा सुशीला कार्कीलाई विराजमान गराए, लगाम आफ्नो हातमा लिन खोज्यो। बाल्यकालमै राजनीति परिवेशमा हुर्के कि उनी अधिवक्तामा बर्षौ कार्य गरी न्यायधीश हुँदै प्रधानन्यायधीश भएकी हुन्। सुशीला कार्कीको विगतका पृष्ठभूमिलाई केलाउँदा उनी स्वतन्त्र मानसिकता छिन्। उनी कानुनकी विद्यार्थीपनि हुन्। प्रधानमन्त्री पदमा नियुक्त भएकै दिन उनले निर्वाचनको तिथि तोकेको थिइन्। उनको लक्ष्य निर्वाचन गराउनुमैं बढी केन्द्रीत देखिन्छ। किनभने, प्रधानमन्त्री पद पाइसकेपछि अव, आफ्नो आफ्नो उच्च छवि बनाउनु छ। अन्तरिम प्रधानमन्त्रीको रुपमा सफल हुनका लागि उनलाई स्वच्छ, निष्पक्ष एवम् शान्तिपूर्ण ढङ्गले निर्वाचन गराउनुपर्छ। वस्ततुः प्रधानन्यायधीशपछि प्रधानमन्त्रीमा सोझैं नियुक्त हुनु विश्वमै विरलै यस्ता घटना हुने गर्छन्। प्रधानसेनापति प्रधानमन्त्री वा राष्ट्रपति बनेको बङ्गलादेश, पाकिस्तानलगायत दर्जनौं मुलुकमा यस्ता घटना घटेको छ। सम्भवतः प्रधानमन्त्री पदमा नेपालबाहेक अन्यत्र कतै भएको मेरो स्मरणमा छैन्। २०६९मा प्रधानन्यायधीश पदमैं रहेर खिलराज रेग्मी मन्त्रिपरिषदको अध्यक्षको रुपमा शपथ लिएका थिए।



### प्रधानमन्त्री कार्कीको राजीनामाको माग

जेन्जी समूहमा के भ्रम थियो भने आफूहरु कार्कीलाई प्रधानमन्त्री बनाएकाले जे भन्छु, त्यहीँ गर्नु हुन्छ। विस्तारै-विस्तारै उनीहरुको मोहभङ्ग हुँदै गएको छ। अव, त जेन्जीहरु राजीनामाको पनि माग गर्न थालेका छन्। भदौं २३ गतेको घटनाको दोषिमाथि अविलम्ब कारवाहीलगायतका मागप्रति सरकारले जाँचबुझँ आयोगको प्रतिवेदनपछि मात्रै हुने देखिएपछि जेन्जीपक्ष प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालप्रति बढी आक्रोसित छन्। यसैबीच, प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले पारवारिक सदस्यलाई गरेको नियुक्ति खारेज गर्नुपर्ने मागका साथै महान्यायधिवक्ता सविता भण्डारीलाई पनि पदबाट हटानुपर्ने माग राखेका छन्। सो सन्दर्भमा ज्ञापनपत्र दिन सोमवार सिँहदरवार पुगेका जेन्जीहरुलाई प्रधानमन्त्री कार्कीले भेट नगरेपछि उनीहरु जेन्जीको रगतबाट प्रधानमन्त्री बन्ने अनि जेन्जीसँग भेट नगर्ने भन्दै कडा रुपमा प्रतिवाद गरेका थिए। मङ्गलवार मिराज ढुङ्गानाहरु पनि सिँहदरवारमा प्रधानमन्त्रीसँग भेट्न खोजेका थिए। सुरक्षाकर्मीले उनलाई सिँहदरवारभित्र पस्न दिएन। दुई साताअघि सुदन गुरुङ्गले गृहमन्त्री अर्यालको राजीनामा माग गरेका थिए। सुशीला कार्की जेन्जीसँग दूरी बनाउन खोजे त छैन् भन्ने अडकल गर्न थालिएको छ।

संसदीय व्यवस्थामा प्रधानमन्त्रीको राजीनामा माग गर्नु जायज भएपनि अहिलेको सरकार विशेष परिस्थितिमा बनेको हो। यदि, प्रधानमन्त्री कार्कीले राजीनामा गऱ्यो भने मुलुक गम्भीर संवैधानिक सङ्कटमा फस्नेछ। जेन्जी समूहले खोजे अनुरुपको व्यक्ति प्रधानमन्त्री बन्न अव त्यति सहज छ जस्तो लाग्दैन्। मुलुकको परिस्थिति फेरिएको छ। प्रधानमन्त्री कार्कीलाई हटाउन जेन्जीहरु पुनः आन्दोलित हुने त होइन भन्ने चर्चा हुन थालेको छ।

### ओलि किन बढी आत्रामक ?

केपि ओली बढी आक्रमक किन देखिन्छन् ? भन्ने सम्बन्धमा राजनीतिक वृतमा बढी चर्चा हुने गरेको छ। कतिपयले ओली हठवादी सोचका व्यक्ति हुन्। उनले मूठभेड गर्न खोजेका छन्। वस्तुतः ओली समयको पारखी नेता हुन्। उनी कुनवेला संयमित हुने कुन बेला अक्रामक नीति अपनाउने सम्बन्धमा राजनीतिक विश्लेषकलाई सहज रुपमा अनुमान गर्न मुश्किल पर्छ। तर, प्रधानमन्त्री पदबाट अपमानित ढङ्गले हठात हट्नु पर्दा बढी क्षोभ प्रकट गर्नु सामान्य विषय हो। तर, ओलीको आक्रामकतामा गहन राजनीतिक उद्देश्य लुकेको अनुभूति भइरहेको छ।

ओलीले सरकार असंवैधानिक हो भनेर प्रतिक्रिया दिँदै आइरहेका छन्। जाँचबुझँ आयोगले बोलाएपनि बयान नदिने अडान लिएका छन्। ओली आफूमाथि कुनै किसिमको कारवाही हुन नदिन आक्रामक नीति अपनाएका हुन कि वास्तवमैं उनलाई कारवाहीको डर छैन। उनीमाथि जेन्जीहरु आक्रोसित छन्। पार्टीभित्र पनि उनको विरोध भइरहेका छन्। उनलाई थाहा छ, अहिलेको अवस्थामा अलिकति पनि कमजोर वा विचलित भयो भने राजनीतिको वर्चस्वको अन्त्यसँगै कारवाहीमा समेतपर्ने सम्भावना छ। उनले सवै पक्षलाई थर्काएर नै सुरक्षित रहने सक्ने र पार्टीमा पुनःअध्यक्षीय जिम्मेवारी पाउने सक्ने उनको रणनीति बुझिन्छ। ओलीले आक्रमकता अपनाएर एउटै तीरमा तीनतिर प्रहार गरेको देखिन्छ। पहिलो त ओलीले सरकारको वैद्यतामाथि प्रश्न उठाएर मानसिक दवाव दिने नीति अपनाएको छ। अर्को, जेन्जीको धम्किको प्रतिउत्तरमा महेश बस्नेतका साथै युवा सङ्गठनहरु सक्रिय पारेका छन्। जेन्जीको भयले हतोत्साहित कार्यकर्तामा आफ्नो आक्रामक नीतिबाट उत्साहित पार्न खोजिएको छ। त्यो त शनिवार काठमाडौंको भृकुटीमण्डपमा आयोजित सभामा उपस्थित भिडले नै पुष्टि हुन्छ। जेन्जीको अभियानलाई रोक्न र पार्टीलाई सवै ठूलो दल बनाउन ओलीको नेतृत्व नै आवश्यक छ भन्ने कार्यकर्तालाई विश्वस्त पार्ने उद्देश्य देखिन्छ। एघारहौं महाधिवेशनबाट पुनः पार्टीको बागडोर प्राप्त गरी आउँदो निर्वाचनपछि सत्ताको पनि बागडोर सम्हाल्न सकिने 'म मात्र हुँ' भन्ने सवैमा आभाष गराउन खोजेको उनको बोल्ने शैलीबाट स्पष्ट हुन्छ।

हुन त ओलीले संविधान जारी हुनुअघि मधेश आन्दोलनको क्रममा टिप्पनीपनि उतिखेर, धेरै चर्चामा आएको थियो। संविधान निर्माणमा मधेशकेन्द्रीत दलको माग समेटिनुपर्ने भनेर मधेशमा भीषण आन्दोलन भएको थियो। उक्त, आन्दोलनमा मधेशी समुदायको प्रदर्शनमाथि सरकारले आवश्यकताभन्दा बढी दमन गरेको थियो। ५६ जना व्यक्ति मारिएका थिए। सयौंको सङ्ख्यामा प्रदर्शनकारीहरु घाइते भएका थिए। सोही क्रममा उनले 'दुईचार आँप' झर्दैमा केही फरक नपर्ने भनेर अभिव्यक्ति दिएका थिए। मधेशमा उक्त अभिव्यक्तिपछि ओलीप्रति अत्यधिक आक्रोस देखिन्थ्यो। मधेशी समुदायका अधिकांस व्यक्ति ओलीप्रति आक्रामक भएपनि पहाडी समुदायहरु ओलीलाई 'राष्ट्रवादी नेता'को संज्ञा दिएका थिए। उनी जसरीपनि संविधान जारी हुनु पर्छ भनेर अडान लिएका थिए। सोही राष्ट्रवादी छविको वलमा ओलीले २०७४को प्रतिनिधिसभा निर्वाचनमा ठूलो दल बनाएका थिए। एमालेसँग चुनावी तालमेल गरेका माओवादी केन्द्रले पनि सम्मानजनक सिट जित्न सफल भएका थिए। तर, जेन्जी आन्दोलनको क्रममा जुन किसिमले दमन भयो त्यसले गर्दा ओलीको छवि धुमिल भएको कतिपय विश्लेषकको ठम्याँइ छ।

### काँग्रेसभित्र विवाद

नेपाली काँग्रेसभित्र महाधिवेशनको विवाद चरमोत्कर्षमा पुगेको छ। पुस मसान्तभित्र महाधिवेशन हुनुपर्ने माग इतर पक्षको छ। महासचिवद्धय गगन थापा र विश्वप्रकाश शर्मालगायतले जेन्जी आन्दोलनपछि विशेष अधिवेशनका लागि हस्ताक्षर अभियान सञ्चालन गरेका थिए। जेन्जी आन्दोलनपछि पार्टी सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई सुम्पेर शेरबहादुर देउवा उपचार गराउन विदेश गएका थिए। उपचार गराएर फर्केपछि देउवा पुनः राजनीतिमा सक्रिय भएका छन्। पार्टीको केन्द्रीय कार्यसमितिको बैठकबाट विवादको टुङ्गो लगाउन खोजिएपनि विशेष महाधिवेशन पक्षधरसँग सहमति हुन सकेन्। शेरबहादुर देउवाले पार्टीमा फुट हुन नदिन सक्रियता बढाएका छन्। उनले महासचिवद्धयक साथै कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग पटक पटक छलफल गरेका छन्। अहिलेसम्म कुनै निष्कर्षमा पुग्न नसकेको कारण कार्यकर्ताहरु अलमलमा परेका छन्।

मुलुक चुनावमा होमिएका छन्। एमालेले पनि आफ्ना सक्रियता बढाइसकेका छन्। प्रचण्डहरु नयाँ पार्टी गठन गरी प्रचार प्रसारमा जुटेको देखिन्छ। काँग्रेस महाधिवेशनको विवादमा अल्झेको छ। जेन्जीको आन्दोलन किन भयो ? यस विषयमा पार्टीभित्र गहन छलफल गरी देखिएका कमीकमजोरी सुधार गर्नुपर्ने थियो। पार्टीभित्र स्वच्छ छविलाई अगाडि सारेर जनताबीच पुग्नुपर्नेमा काँग्रेसभित्र आफ्ना पकड कायम राख्नका लागि संस्थापन पक्ष निर्वाचनपछि महाधिवेशन गराउने मनस्थिति बनाएका छन्। अर्कोतर्फ, डा. शेखर कोइरालालगायत इतरपक्षले पुसमैं महाधिवेशन सम्पन्न गर्न खोजेका छन्। पुसमा महाधिवेशन भयो भने कतै देउवा समूहका उम्मेद्वार सभापतिलगायत विभिन्न पदमा पराजित भयो भने त्यसको प्रत्यक्ष प्रभाव आउँदो प्रतिनिधिसभाको निर्वाचनमा उम्मेद्वार छनोटमा पर्ने आशङ्काले महाधिवेशन टार्न खोजेको बुझिन्छ। त्यसकारण, सम्भवतः संस्थापन पक्ष जसरीपनि पुसमा महाधिवेशनको तिथि सार्ने पक्षमा छन्।

### मूठभेडको अवस्था

नेकपा(एमाले)का युवा सङ्गठन र जेन्जी समूहबीच विभिन्न ठाउँमा मूठभेड हुनु यो राम्रो सङ्केत कदापि होइन्। दुवै पक्षलाई संयमता अपनाउन जरुरी छ। एमालेका युवा नेता महेश बस्नेत र जेन्जी पक्षका सुदन गुरुङ्गको उग्र बयानले गर्दा सम्बन्ध तनावपूर्ण बनेको हो। केपि ओलीपनि जेन्जीप्रति कटाक्ष गर्ने गर्छन्। केही दिनअघि बारामा एमालेका कार्यकर्ताहरु जेन्जीका कार्यकर्तामाथि हातपात गरेको घटनापछि दुई दिन वातावरण तनावपूर्ण रह्यो। जेन्जीहरुले सिमरा विमानस्थलमा कडा रुपमा प्रतिकारमा उत्रेपछि सिमरा विमानस्थलले उडान स्थगित गर्दा काठमाडौंबाट महेश बस्नेतहरु सभामा सहभागी हुन सकेनन्। गत, आइतवार विराटनगर विमानस्थलबाट इटहरीतर्फ जाने लागेका महेश बस्नेतको गाडीमाथि दुई युवकले रातो मसि फालेका थिए। बुधवार धनगढीमा पनि जेन्जी र एमालेका युवा कार्यकर्ताबीच सामान्य झडप भयो। जेन्जी पक्ष र एमालेका कार्यकर्ताबीच पटक पटक झडप हुँदा सरक्षाकर्मीलाई तनाव बढेको देखिन्छ। अहिलेको बर्तमान परिपेक्ष्यमा सवै पक्षलाई संयमता अपनाउनु नै बुद्धिमता हुनेछ।'इतिश्री'

# धर्मः मार्गदर्शन, नैतिकता र सदाचारको स्रोत



मोहम्मद रियाज साफी

इस्लाम धर्म र मुस्लिम समुदाय एउटै कुरा होइनन् भन्ने सरल तर अत्यन्त महत्वपूर्ण सत्य हामीले बारम्बार सम्झिरहनुपर्ने आवश्यकता छ। धर्म कुनै पनि समाजका लागि मार्गदर्शन, नैतिकता र सदाचारको स्रोत हो यसमा कुनै शंका छैन। इस्लामका सिद्धान्तहरू मानवता, शान्ति, न्याय, सद्भावना र आत्मअनुशासनमा आधारित छन्। तर संसारका सबै धर्महरूमा जस्तै, धर्मले दिएको उच्च आदर्श र त्यो धर्म मान्ने मानिसहरूको व्यवहारबीच कहिलेकाहीँ स्पष्ट अन्तर देखिनु स्वाभाविक हुन्छ।

धर्मले त्यस्तो कुनै निर्देशन दिन्छ जसले समाजलाई उचाइतिर लैजान्छ, तर व्यवहारमा मानिसहरू कहिलेकाहीँ त्यही मार्गबाट विचलित हुन्छन्। यो केवल इस्लाममा मात्र होइन हिन्दु, बौद्ध, क्रिश्चियन, सिक, यहूदी वा कुनै पनि धर्ममा समान रूपमा देखिने मानवीय यथार्थ हो। त्यसैले धर्मका सिद्धान्त र धर्म मान्ने समुदायका व्यवहारलाई एउटै मान्नु वा एकलाई लक्षित आलोचना अर्कोमाथि आक्रमण ठान्नु दुवै गलत व्याख्या हुन्।

हालै नेपालमा चलेको "जेन- जी आन्दोलन" को बहसका बीच प्रधानमन्त्री सुषिला कार्कीको केही अभिव्यक्तिहरूले मुस्लिम समुदायभित्र प्रतिक्रिया ल्याएको देखिन्छ। तर यहाँ कूटनीतिक रूपमा एक कुरा बुझ्न जरूरी छ प्रधानमन्त्रीले इस्लाम धर्मलाई लक्षित गरेर कुनै अपमानजनक टिप्पणी गरेको प्रमाण छैन। उनले धर्म, सिद्धान्त वा समुदायको पहिचानमाथि प्रश्न उठाएकी होइनन्; उनले उठाएको विषय मुख्यतया सामाजिक व्यवहार, प्रचलन र केही नकारात्मक प्रवृत्तिहरूको विश्लेषण थियो।

समस्या यहाँ बुझाइमा उत्पन्न हुन्छ जब समुदायभित्रका मानिसहरूले आफ्नै अड्चन, कमजोरी वा चुनौतीहरूबारे उठाइएका प्रश्नलाई व्यक्तिगत वा धार्मिक आक्रमणजस्तो अनुभव गर्छन्। यो मनोवैज्ञानिक प्रतिक्रिया स्वाभाविक भए पनि, दीर्घकालीनरूपमा स्वस्थ र उपयोगी होइन। सशक्त समुदायले आलोचना सुन्न, आत्मविश्लेषण गर्न र सुधारको दिशा पहिल्याउन सक्नुपर्छ।

मुस्लिम समुदायका धेरै मानिसहरूले आलोचना सुन्नासाथ आफूहरूमाथि मात्र प्रश्न उठाइयो भन्ने भावनात्मक निष्कर्ष निकाल्ने प्रवृत्ति छ। तर यो प्रवृत्ति संसारका धेरै समुदायहरूमा समान रूपमा देखिन्छ जो जहाँ अल्पमतमा हुन्छ, संवेदनशीलता त्यहाँ स्वाभाविक रूपमा बढी हुन्छ। तर परिपक्व समाजले "हामीमाथि बोले" भनेर भावनामा बग्ने होइन, "के यो कुरा हाम्रो समाजमा यथार्थमा छ?" भनेर विवेकले सोच्ने क्षमता विकास गर्छ। यही आत्म-आलोचना र आत्म-सुधार नै दीर्घकालीन सम्मान, पहिचान र मजबुतीको आधार हो।

दुर्भाग्यवश, वर्तमान बहसमा वास्तविक मुद्दा भन्दा पनि भावनात्मक वातावरण बढी निर्माण गरिएको देखिन्छ। केही मिडिया, युट्युब च्यानल, टिकटोक पेजहरू तथा राजनीतिक स्वार्थ बोकेका समूहहरूले प्रधानमन्त्रीको सामान्य सामाजिक टिप्पणीलाई "इस्लाम विरोधी" भनेर प्रचार गर्ने प्रयास गरिरहेका छन्। धेरै ठाउँमा भिडियो काटछाँट गरेर, वाक्यलाई अपूरो रूपमा प्रस्तुत गरेर, सन्दर्भबाहिर ल्याएर मुस्लिम समुदायलाई भडकाउने सामग्री तयार गरिएको देखिन्छ। यस्तो सामग्रीले समुदायभित्र अविश्वास, भय र असन्तोष वृद्धि गर्छ जसले अन्ततः मुस्लिम समुदायकै हितमा नपर्ने खतरा बढाउँछ।

यसका अतिरिक्त, समुदायभित्रै पनि केही व्यक्तिहरू स्वतःघोषित नेता, प्रतिनिधि वा धर्मका नाममा प्रभाव जमाउन खोज्ने समूहहरूले समुदायका भावनालाई राजनीतिक लाभ, लोकप्रियता वा व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्न थालेका छन्। मुस्लिम समुदायका वास्तविक समस्याहरू शिक्षा, आर्थिक अवसर, रोजगारी, सामाजिक सशक्तिकरण, गलत प्रचलनको सुधार जस्ता मुद्दालाई उठाउनु पर्ने ठाउँमा, केही व्यक्तिहरू भावना र क्रोध भड्काएर आफ्नो भूमिका सुरक्षित राख्न रुचाउँछन्।

यस्ता गतिविधिले मुस्लिम समुदायलाई अझ कमजोर बनाउने, अन्य समुदायसँगको दूरी बढाउने र समग्र समाजभित्र गलत बुझेको छवि बनाउने जोखिम बोकेको हुन्छ। समुदायको नेतृत्वले भावनभन्दा बढी तथ्य, विवेक र संवादमा जोड दिन सक्नुपर्छ त्यसैले कूटनीति अत्यन्त महत्वपूर्ण हुन्छ।

अब सबैभन्दा जरुरी कुरा धर्मलाई सम्मान गर्ने, समुदायलाई सशक्त बनाउने र राष्ट्रमा सद्भाव कायम राख्ने मार्ग संवाद, आत्मविश्लेषण र पारदर्शी महसुसमा हुन्छ। आलोचना वा सुझावलाई आक्रमणको रूपमा होइन, सुधारको अवसरको रूपमा लिन सक्नु नै परिपक्वताको चिन्ह हो।

नेपाल बहु धार्मिक, बहु सांस्कृतिक र बहु समुदायिक देश हो। यहाँका सबै धर्म, सबै समुदाय, सबै नागरिक समान सम्मान र अधिकारका पात्र छन्। यसमा मुस्लिम समुदाय पनि अपवाद होइन। त्यसैले कुनै पनि बहसलाई धर्मविरुद्ध, समुदायविरुद्ध वा पहिचानविरुद्धको आक्रमणजस्तो बुझ्नु हुँदैन। बरु, आलोचनाको धागो समातेर सुधारतर्फ अघि बढ्नु नै दीर्घकालीन रूपमा सबैका लागि हितकर हुन्छ।

इस्लाम धर्म र मुस्लिम समुदाय एउटै कुरा होइनन् भन्ने सरल तर अत्यन्त महत्वपूर्ण सत्य हामीले बारम्बार सम्झिरहनुपर्ने आवश्यकता छ। धर्म कुनै पनि समाजका लागि मार्गदर्शन, नैतिकता र सदाचारको स्रोत हो यसमा कुनै शंका छैन। इस्लामका सिद्धान्तहरू मानवता, शान्ति, न्याय, सद्भावना र आत्मअनुशासनमा आधारित छन्। तर संसारका सबै धर्महरूमा जस्तै, धर्मले दिएको उच्च आदर्श र त्यो धर्म मान्ने मानिसहरूको व्यवहारबीच कहिलेकाहीँ स्पष्ट अन्तर देखिनु स्वाभाविक हुन्छ।

धर्मले त्यस्तो कुनै निर्देशन दिन्छ जसले समाजलाई उचाइतिर लैजान्छ, तर व्यवहारमा मानिसहरू कहिलेकाहीँ त्यही मार्गबाट विचलित हुन्छन्। यो केवल इस्लाममा मात्र होइन हिन्दु, बौद्ध, क्रिश्चियन, सिक, यहूदी वा कुनै पनि धर्ममा समान रूपमा देखिने मानवीय यथार्थ हो। त्यसैले धर्मका सिद्धान्त र धर्म मान्ने समुदायका व्यवहारलाई एउटै मान्नु वा एकलाई लक्षित आलोचना अर्कोमाथि आक्रमण ठान्नु दुवै गलत व्याख्या हुन्।

हालै नेपालमा चलेको "जेन्जी आन्दोलन" को बहसका बीच प्रधानमन्त्री सुषिला कार्कीको केही अभिव्यक्तिहरूले मुस्लिम समुदायभित्र प्रतिक्रिया ल्याएको देखिन्छ। तर यहाँ कूटनीतिक रूपमा एक कुरा बुझ्न जरूरी छ प्रधानमन्त्रीले इस्लाम धर्मलाई लक्षित गरेर कुनै अपमानजनक टिप्पणी गरेको प्रमाण छैन। उनले धर्म, सिद्धान्त वा समुदायको पहिचानमाथि प्रश्न उठाएकी होइनन्; उनले उठाएको विषय मुख्यतया सामाजिक व्यवहार, प्रचलन र केही नकारात्मक प्रवृत्तिहरूको विश्लेषण थियो।

समस्या यहाँ बुझाइमा उत्पन्न हुन्छ जब समुदायभित्रका मानिसहरूले आफ्नै अड्चन, कमजोरी वा चुनौतीहरूबारे उठाइएका प्रश्नलाई व्यक्तिगत वा धार्मिक आक्रमणजस्तो अनुभव गर्छन्। यो मनोवैज्ञानिक प्रतिक्रिया स्वाभाविक भए पनि, दीर्घकालीनरूपमा स्वस्थ र उपयोगी होइन। सशक्त समुदायले आलोचना सुन्न, आत्मविश्लेषण गर्न र सुधारको दिशा पहिल्याउन सक्नुपर्छ।

मुस्लिम समुदायका धेरै मानिसहरूले आलोचना सुन्नासाथ आफूहरूमाथि मात्र प्रश्न उठाइयो भन्ने भावनात्मक निष्कर्ष निकाल्ने प्रवृत्ति छ। तर यो प्रवृत्ति संसारका धेरै समुदायहरूमा समान रूपमा देखिन्छ जो जहाँ अल्पमतमा हुन्छ, संवेदनशीलता त्यहाँ स्वाभाविक रूपमा बढी हुन्छ। तर परिपक्व समाजले "हामीमाथि बोले" भनेर भावनामा बग्ने होइन, "के यो कुरा हाम्रो समाजमा यथार्थमा छ?" भनेर विवेकले सोच्ने क्षमता विकास गर्छ। यही आत्म-आलोचना र आत्म-सुधार नै दीर्घकालीन सम्मान, पहिचान र मजबुतीको आधार हो।

दुर्भाग्यवश, वर्तमान बहसमा वास्तविक मुद्दा भन्दा पनि भावनात्मक वातावरण बढी निर्माण गरिएको देखिन्छ। केही मिडिया, युट्युब च्यानल, टिकटोक पेजहरू तथा राजनीतिक स्वार्थ बोकेका समूहहरूले प्रधानमन्त्रीको सामान्य सामाजिक टिप्पणीलाई "इस्लाम विरोधी" भनेर प्रचार गर्ने प्रयास गरिरहेका छन्। धेरै ठाउँमा भिडियो काटछाँट गरेर, वाक्यलाई अपूरो रूपमा प्रस्तुत गरेर, सन्दर्भबाहिर ल्याएर मुस्लिम समुदायलाई भडकाउने सामग्री तयार गरिएको देखिन्छ। यस्तो सामग्रीले समुदायभित्र अविश्वास, भय र असन्तोष वृद्धि गर्छ जसले अन्ततः मुस्लिम समुदायकै हितमा नपर्ने खतरा बढाउँछ।

यसका अतिरिक्त, समुदायभित्रै पनि केही व्यक्तिहरू स्वतःघोषित नेता, प्रतिनिधि वा धर्मका नाममा प्रभाव जमाउन खोज्ने समूहहरूले समुदायका भावनालाई राजनीतिक लाभ, लोकप्रियता वा व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्न थालेका छन्। मुस्लिम समुदायका वास्तविक समस्याहरू शिक्षा, आर्थिक अवसर, रोजगारी, सामाजिक सशक्तिकरण, गलत प्रचलनको सुधार जस्ता मुद्दालाई उठाउनु पर्ने ठाउँमा, केही व्यक्तिहरू भावना र क्रोध भड्काएर आफ्नो भूमिका सुरक्षित राख्न रुचाउँछन्।

# एमाले महाधिवेशनः देशैंभरि प्रतिनिधि छनोट सम्पन्न

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औं राष्ट्रिय महाधिवेशनकाशनिबारदेशैंभरिप्रतिनिधि छनोट भएका छन् । महाधिवेशनका लागि शनिबार देशभरि शान्तिपूर्ण रूपमा करिब दुई हजार २०० प्रतिनिधि छनोट भएका हुन् ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सबैजसो कमिटीमा शनिबार प्रतिनिधि छनोट सम्पन्न भएको बताउनुभयो । "धेरैजसो कमिटीमा सर्वसम्मत रूपमा प्रतिनिधि छनोट भएका छन्", उहाँले भन्नुभयो, "केही ठाउँमा निर्वाचनको माध्यमबाट प्रतिनिधि छनोट भएका छन् ।"

उहाँले छिटफुट रूपमा रोकिएको प्रतिनिधि छनोट प्रक्रिया पनि निर्वाचनबाट टुङ्ग्याउने निर्देशन दिएको बताउनुभयो । उहाँका अनुसार एक प्रतिनिधि निर्वाचन क्षेत्रबाट खुला, महिला र युवा गरी चार जना प्रतिनिधि छनोट हुनेछन् ।

शनिबार छनोट भएका प्रतिनिधि विवरण यही मङ्सिर १५ गतेभित्र पार्टी केन्द्रीय कार्यालयमा पठाइसक्न एमालेले निर्देशन दिएको छ ।रासस

# पीडितलाई अन्याय हुन नदिने मन्त्री खरेलको प्रतिबद्धता

काठमाण्डु । स्मार्ट टेलिकम पीडितहरुले टावर व्यवस्थापन, घरभाडालगायत समस्या समाधानका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसमक्ष पहल गरिदिन आग्रह गरेका छन् ।

सञ्चारमन्त्रीसँग शुक्रबार भएको भेटमा उनीहरूले आफूहरु लामो समयदेखि पीडित रहेको भन्दै स्मार्ट पीडितले स्मार्ट टेलिकमका कारण उत्पन्न समस्या समाधानमा सकारात्मक हस्तक्षेपको अपेक्षा गरेको बताए ।

पीडितका समस्या सुनेपछि मन्त्री खरेलले कसैलाई अन्याय हुन नदिने बताउनुभयो । उहाँले भन्नुभयो, "कसैलाई अन्याय हुन दिन्नौं, नियामक निकायसँग बुझेर समस्या समाधानको पहलकदमी लिन्छौं । "



स्मार्ट टेलिकम टावर पीडित संयोजक कृष्णबहादुर थापाले भन्नुभयो, " कम्पनी खारेज भएको तीन वर्ष बितिसक्दा टावर व्यवस्थापन भएको छैन । टावरको भाडा पनि पाइएको छैन, बिजुलीको पैसा उठेको छैन ।"

स्मार्ट बन्द हुँदा धेरै सङ्ख्यामा नेपालीले रोजगारी गुमाएको उनीहरुको भनाइ छ । स्मार्ट कार्ड र सिम कार्डमा लगानी गरेका व्यवसायीको लगानी खेर गएको छ । कम्पनी बन्द भएको तीन वर्ष बितिसक्दा बैंकलाई ब्याज बुझाउनुपरेको तर कार्डको पैसा फिर्ता आउने टुङ्गो नभएको पीडितको गुनासो छ ।रासस

# वित्तीय सङ्घीयता कार्यान्वयनका समस्या समाधान गर्न माग

काठमाण्डु । मधेस प्रदेशका मुख्यमन्त्री र अन्य प्रदेशका आर्थिक मामिलामन्त्रीले वित्तीय सङ्घीयता कार्यान्वयनमा देखापरेका समस्या समाधानका लागि विभिन्न उपायको खोजी गर्दै साझा मतका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

वित्तीय सङ्घीयता कार्यान्वयनको क्रममा देखापरेका समस्या क्रमशः समाधान हुँदै आएका भए पनि नयाँ परिस्थितीमा नयाँ खालका समस्या देखा पर्ने भएकाले त्यसको समाधानका उपाय खोज्नुपर्ने उहाँहरुको भनाइ थियो । अन्तर सरकारी वित्त परिषदको एघारौं बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र अन्य प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीलगायत परिषद्का सदस्य एवं विज्ञले वित्तीय सङ्घीयता कार्यान्वयनको सम्बन्धमा देखापरेका समस्या र समाधानका उपायका सम्बन्धमा आआफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रमका दौरान सातै प्रदेशका अर्थमन्त्रीहरुले संयुक्त रूपमा तयार गरेको वित्तीय सङ्घीयता सम्वद्ध घोषणापत्र कार्यान्वयन सहजीकरणका लागि सङ्घीय अर्थमन्त्री समक्ष पेश गर्नुभएको थियो ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम परिषदका संयोजक अर्थमन्त्री रामेश्वर खनालको अध्यक्षतामा परिषदका सदस्यहरु एवं अन्य आमन्त्रित व्यक्तिको उपस्थितिमा शुक्रबार अर्थ मन्त्रालयमा सम्पन्न भएको अर्थमन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेले जानकारी दिनुभयो ।

बैठकमा वित्तीय सङ्घीय समन्वय महाशाखा प्रमुख एवम् सहसचिव सेवन्तक पोखरेलले वित्तीय सङ्घीयता कार्यान्वयनको कार्यक्रममा तीनै तहबाट सुशासनको प्रत्यक्ष अनुभूति हुनेगरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सङ्घ, प्रदेश र स्थानीय तहले बजेट तथा आयोजनाको कार्यान्वयन, करको कार्यान्यनको विषयमा देखिएका विवादको निरोपण, राजस्व तथा खर्चको लेखा विधि र त्यसको प्रतिवेदन प्रणाली व्यवस्थित गर्नेलगायतका विषय उल्लेख गर्नुभयो । यस्तै, जनशक्ति व्यवस्थापन तथा तेस्रो सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन, वित्तीय अनुशासन, आगामी निर्वाचनमा तीन तहको साधनस्रोतको प्रयोग तथा आगामी अन्तरप्रदेश परिषदको बैठकमा राख्नुपर्ने सुझावको लागि समेत बैठक आयोजना गरिएको उहाँले जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा नगरपालिका सङ्घ र गाउँपालिका महासङ्घका अध्यक्षसहित विभिन्न पालिकाका प्रतिनिधिले वित्तीय समानीकरण अनुदान विनियोजन बमोजिम प्राप्त हुनुपर्ने, वित्तीय सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित कानुनी तथा प्रक्रियागत विषयमा छिट्टै टुङ्गोमा पुग्नुपर्ने, कानुन कार्यान्वयनका क्रममा देखिएका अन्तर विरोधलाई सम्बोधन गरिनु पर्ने धारणा राख्नुभएको थियो । यस्तै, प्रदेश र स्थानीय तहले भोग्नु परेको आयोजना व्यवस्थापन, सङ्गठनात्मक संरचना तथा व्यवस्थापन, जेनजी आन्दोलनमा क्षति भएका भौतिक पुर्वाधार पुनःनिर्माणमा सहयोग हुनपर्ने लगायतका विषयमा धारणा प्रस्तुत गर्नु भएको थियो ।

सो अवसरमा अर्थमन्त्री खनालले बजेट निर्माण र कार्यान्वयनमा प्रदेश र स्थानीय तह स्वतन्त्र र स्वयम उत्तरदायी रहेको बताउनुभयो । उहाँले वित्तीय सङ्घीयतप्रतिको प्रतिवद्धता व्यक्त गर्दै कार्यान्वयनका क्रममा नै समस्याको पहिचान र समाधानको उपायसमेत पत्ता लाग्ने उल्लेख गर्नुभएको थियो ।रासस


मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

प्रादेशिक अस्पताल

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।०८।१४

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठान अन्तर्गत संचालित प्रादेशिक अस्पतालको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्रहरु एकाइ दररेट न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरु/आपुर्तिकर्ताहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | सुचना प्रकाशन मिति | ठेक्का नं. | आईटम नम्बरहरु | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक |
|---|---|---|---|---|---|
| 1. | 15/10/2025 | MIHS/NCB/GOODS/2082-83/05, The procurement of supply and delivery of Hospital Pharmacy Medicine Items | 1, 3, 4, 5, 8, 11, 12, 13, 14, 16, 17, 20, 23, 24, 25, 27, 28, 29, 32, 34, 36, 37, 38, 39, 40, 41, 42, 44, 45, 46, 47, 49, 52, 54, 55, 56, 58, 59, 61, 62, 63, 65, 66, 67, 69, 73, 74, 75, 76, 77, 78, 79, 81, 82, 83, 84, 86, 87, 89, 90, 91, 93, 94, 95, 96, 97, 100, 101, 102, 103, 104, 106, 107, 108, 109, 110, 111, 121, 122, 123, 124, 125, 128, 129, 131, 137, 140, 141, 143, 144, 148, 149, 150, 152, 155, 156, 157, 160, 161, 164, 174, 175, 180, 181, 183, 186, 188, 192, 194, 197, 200, 201, 203, 204, 206, 207, 209, 210, 213, 214, 216, 217, 218, 220, 221, 224, 227, 228, 229, 231, 233, 236, 240, 241, 242, 246, 251, 254, 255, 257, 259, 263, 264, 266, 270, 272, 274, 276, 281, 285, 286, 287, 288, 289, 292, 296, 299, 300, 302, 303, 304, 306, 307, 308, 310, 311, 313, 315, 317, 319, 324, 325, 329, 330, 332, 338, 345, 347, 348, 349, 350, 351, 352, 354, 355, 356, 357, 358, 360, 361, 362, 364, 365, 367, 375, 376, 379, 380, 381, 382, 387, 388, 389, 391, 392, 393, 394, 395, 396, 397, 400, 401, 404, 405, 406, 407, 408, 409, 411, 412, 413, 415, 416, 417, 420, 421, 424, 425, 428, 430, 432, 433, 434, 435, 436, 437, 439, 440, 441, 443, 445, 446, 447, 448, 449, 452, 455, 456, 458, 461, 463, 467, 468, 473, 474, 475, 476, 477, 478, 479, 480, 481, 482, 483, 484, 485, 487, 488, 491, 492, 494, 498, 500, 501, 506, 508, 509, 510, 515, 517, 519, 520, 521, 522, 523, 524, 526, 527, 528, 529, 531, 532, 533, 534, 535, 538, 539, 541, 542, 543, 544, 545, 546, 548, 549, 550, 551, 552, 553, 554, 555, 556, 564, 567, 570, 572, 573, 581, 582, 584, 588, 591, 592, 593, 596, 598, 601, 604, 605, 606, 607, 608, 609, 610, 611, 612, 614, 616, 618, 620, 621, 622, 623, 624, 625, 627, 628, 629, 631, 634, 635, 636, 637, 642, 643, 644, 645, 646, 647, 651, 653, 654, 655, 657, 661, 662, 663, 667, 668, 669, 670, 671, 672, 674, 677, 679, 681, 683, 684, 686, 687, 688, 689, 690, 691, 693, 697, 698, 700, 701, 702, 703, 706, 707, 709, 710, 712, 715, 716, 718, 720, 721, 722, 723, 724, 725, 726, 727, 729, 730, 735, 738, 739, 740, 741, 743, 744, 748, 751, 752, 754, 755, 757, 758, 759, 761, 762, 764, 766, 767, 768, 769, 770, 774, 775, 776, 778, 780, 781, 783, 785, 786, 787, 788, 790, 791, 793, 794, 797, 798, 799, 800, 802, 804, 805, 806, 807, 808, 809, 810, 811, 812, 813, 815, 816, 817, 818, 820, 822, 823, 827, 831, 833, 834, 836, 838, 839, 840, 843, 844, 845, 846, 847, 853, 855, 859, 866, 873, 877, 878, 880, 882, 883, 884, 887, 888, 893, 894, 895, 896, 897, 899, 900, 901, 902, 905, 908, 914, 915, 916, 918, 919, 921, 923, 924, 925, 926, 927, 928, 930, 931, 933, 935, 936, 938, 939, 940, 941, 942, 945, 947, 949, 951, 953, 954, 956, 958, 963, 965, 966, 968, 969, 974, 979, 980, 983, 984, 987, 989, 992, 996, 997, 1005, 1007, 1009, 1013, 1014, 1018, 1019, 1020, 1022, 1024, 1027, 1028, 1030, 1033, 1034, 1036, 1038, 1039, 1041, 1043, 1045, 1046, 1047, 1048, 1049, 1055, 1065, 1066, 1069, 1071, 1073, 1074, 1078, 1079, 1086, 1088, 1089, 1091, 1093, 1094, 1096, 1097, 1098, 1099, 1100, 1101, 1102, 1103, 1105, 1106, 1107, 1111, 1113, 1116, 1117, 1118, 1120, 1121, 1122, 1123, 1124, 1126, 1127, 1128, 1129, 1136, 1138, 1139, 1140, 1142, 1143, 1144, 1146, 1150, 1156, 1160, 1161, 1162, 1163, 1164, 1169, 1171, 1172, 1174, 1175, 1176, 1177, 1178, 1179, 1180, 1181, 1182, 1183, 1184, 1185, 1186, 1187, 1189, 1191, 1192, 1194, 1195, 1197, 1200, 1201, 1201, 1203, 1205, 1206, 1207, 1208, 1209, 1210, 1212, 1213, 1214, 1216, 1218, 1224, 1225, 1226, 1227, 1232, 1234, 1236, 1238, 1240, 1241, 1246, 1249, 1250, 1254, 1255, 1256, 1258, 1259, 1260, 1263, 1264, 1265, 1266, 1267, 1268, 1269, 1270, 1271, 1272, 1273, 1275, 1277, 1279, 1284, 1287, 1288, 1289, 1292, 1293, 1295, 1297, 1301, 1304. | Lav Medical, Jaleshwor-04 | 5549630.80 |
| | | | 2, 7, 15, 26, 48, 50, 53, 70, 71, 72, 85, 88, 92, 98, 99, 105, 115, 116, 120, 130, 134, 138, 139, 142, 145, 146, 151, 158, 159, 162, 166, 167, 169, 170, 171, 172, 173, 176, 179, 182, 184, 185, 189, 190, 198, 199, 202, 205, 208, 219, 226, 239, 243, 244, 248, 250, 258, 262, 265, 277, 278, 280, 282, 290, 294, 295, 298, 316, 318, 320, 321, 322, 323, 326, 327, 328, 331, 335, 340, 341, 346, 353, 363, 368, 370, 371, 374, 383, 385, 398, 399, 403, 410, 422, 426, 429, 431, 451, 453, 454, 455, 470, 472, 485, 489, 490, 497, 499, 502, 503, 504, 505, 507, 513, 514, 516, 518, 536, 547, 558, 559, 560, 561, 562, 565, 566, 568, 569, 571, 585, 586, 589, 590, 600, 602, 603, 615, 617, 626, 638, 639, 640, 641, 649, 650, 652, 665, 673, 675, 680, 682, 685, 693, 694, 695, 696, 697, 705, 708, 711, 713, 117, 719, 742, 749, 750, 753, 756, 760, 763, 765, 769, 771, 772, 773, 779, 784, 789, 792, 796, 797, 801, 803, 819, 821, 824, 825, 828, 829, 830, 832, 835, 837, 841, 842, 849, 850, 851, 857, 862, 863, 864, 865, 868, 871, 872, 876, 879, 886, 891, 892, 893, 898, 903, 906, 909, 910, 913, 920, 922, 932, 950, 957, 959, 970, 971, 988, 999, 1000, 1001, 1003, 1005, 1023, 1029, 1031, 1032, 1035, 1040, 1042, 1044, 1050, 1051, 1052, 1053, 1054, 1056, 1059, 1061, 1062, 1068, 1092, 1125, 1130, 1147, 1151, 1153, 1154,1155, 1158, 1159, 1165, 1168, 1188, 1190, 1193, 1204, 1215, 1223, 1228, 1229, 1230, 1231, 1233, 1235, 1237, 1245, 1247, 1257, 1261, 1262, 1275, 1277, 1283, 1286, 1290, 1291, 1294, 1296, 1298, 1299, 1300, 1303 | Pearl Meditech Pvt Ltd, Bharatpur-12 | 3359622.95 |
| | | | 6, 35, 43, 51, 55, 60, 64, 68, 80, 112, 126, 153, 193, 235, 237, 238, 249, 252, 256, 260, 283, 297, 333, 336, 355, 365, 369, 373, 378, 384, 425, 444, 530, 537, 566, 587, 594, 595, 597, 599, 656, 664, 666, 704, 814, 904, 917, 934, 994, 1004, 1077, 1081, 1114, 1132, 1142, 1152, 1196, 1199, 1229, 1233. | Medi sales Pharma, Bharatpur-12,Chitwan | 1000493.75 |
| | | | 31, 33, 136, 177, 178, 230, 301, 305, 372, 377, 411, 414, 419, 423, 442, 471, 486, 496, 511, 563, 648, 663, 826, 867, 907, 1243, 1258, 1295, 1302. | Magnus Pharma Pvt. Ltd., Jeetpur, Simra | 99130.00 |
| | | | 57, 58, 90, 113, 253, 258, 268, 269, 339, 386, 390, 438, 469, 557, 583, 633, 693, 693, 737, 740, 745, 795, 843, 848, 860, 874, 875, 929, 937, 955, 991, 1025, 1026, 1037, 1082, 1112, 1173, 1281. | Figo Medicine suppliers, Chetrapati, Kathmandu | 133597.05 |

अस्पताल निर्देशक

## क्यानबेरामा प्रधानमन्त्री अल्बानिजको गोप्य विवाह

एपी

मेलबर्न । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज शनिबार राष्ट्रिय राजधानी क्यानबेरास्थित आफ्नै आधिकारिक निवास 'द लज' मा अत्यन्त गोप्य र आत्मीय वातावरणमा आफ्नी प्रिय पार्टनर जोडी हेडनसँग वैवाहिक जीवनमा प्रवेश गर्नुभएको छ ।

अस्ट्रेलियाको सङ्घीय सरकार गठन भएको १२४ वर्षको इतिहासमा कार्यरत प्रधानमन्त्रीको हैसियतमै विवाह गर्ने अल्बानिज पहिलो नेता बन्नुभएको हो ।

दिउँसो द लजको हरियाली मैदानमा सम्पन्न उक्त समारोहमा केही क्याबिनेट मन्त्रीहरूसहित करिब ६० जना विशिष्ट पाहुना उपस्थित रहेका थिए । नागरिक सेलिब्रेन्टद्वारा सम्पन्न विवाह समारोह प्रायः गोप्य राखिएको थियो र घटना सम्पन्न नहुँदासम्म कुनै पनि मिडिया संस्थालाई जानकारी दिइएको थिएन ।

दम्पतीले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "हामी हाम्रो परिवार तथा निकटतम प्रियजनहरूको सामुन्ने हाम्रो प्रेम, प्रतिबद्धता र भविष्यको संयुक्त जीवनलाई साझा गर्न पाउँदा अनन्त खुशी छौँ। " दुवैले आफ्ना प्रतिज्ञास्वरूपका शब्दहरू स्वयं लेख्नुभएको थियो । साथै, उहाँहरूको कुकुर 'टोटो' औँठी वाहकको भूमिकामा आकर्षक रूपमा प्रस्तुत भएको र जोडी हेडनकी पाँच वर्षीय भतिजी एला फूलको माला लगाएर सहभागी भएकी उल्लेख गरिएको छ ।

६२ वर्षीय अल्बानिज पहिले वैवाहिक सम्बन्धविच्छेद भोगिसक्नुभएका व्यक्ति हुनुहुन्छ र उहाँको एक वयस्क छोरा छन् । गत वर्ष भ्यालेन्टाइन डेका दिन उहाँले द लजमै ४६ वर्षीय हेडनलाई विवाहको प्रस्ताव राख्नुभएको थियो ।

यस वर्ष मे महिनामा



सम्पन्न सङ्घीय चुनावअगाडि ठूलो मात्रामा विवाह समारोह आयोजना गर्ने प्रारम्भिक योजना भए पनि प्रधानमन्त्रीले एक रेडियो कार्यक्रममा भन्नुभए अनुसार उहाँले क्यानाडाका पूर्वप्रधानमन्त्री तथा व्यक्तिगत मित्र जस्टिन ट्रुडोलाई समेत आमन्त्रित गर्ने विचार राख्नुभएको थियो ।

तर सत्तारूढ केन्द्र-वामपन्थी लेबर पार्टीका रणनीतिकारहरूले जीवनयापन खर्च सङ्कटले जनजीवन प्रभावित भइरहेको समयमा भव्य समारोहले सरकारको दोस्रो कार्यकालमा जनसमर्थनमा नकारात्मक प्रभाव पर्न सक्ने मूल्याङ्कन गरेका थिए । त्यसैले चुनाव सम्पन्न नभएसम्म विवाह स्थगित गर्ने निर्णय गरिएको थियो । प्रधानमन्त्री अल्बानिजले आफ्नो सन् २०२५ भित्र विवाह हुने बताइसक्नुभएको भए पनि मिति भने गोप्य नै राख्नुभएको थियो ।

अन्ततः बिहीबार संसद्को कार्यकाल समाप्त भएको दुई दिनपछि दम्पतीले शान्त, सानो तर भावनात्मक समारोहमार्फत वैवाहिक जीवन प्रारम्भ गर्नुभएको हो ।

## दोस्रो जितले 'प्लेअफ' पुग्न मद्दत गर्नेछः लुम्बिनीका मेन्टर खकुरेल

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत शनिबारको पहिलो खेलमा लुम्बिनी लायन्सले तीन विकेटले पोखरा एभेन्जर्सलाई पराजित गऱ्यो । दोस्रो जित निकालेको लुम्बिनीको चार अङ्क पुगेको छ । यो जितले लुम्बिनीको 'प्लेअफ'को सम्भावना जीवितै छ ।

जितपछि लुम्बिनीका मेन्टर शुभाष खकुरेलले सञ्चारकर्मीसँगको कुराकानीमा थपिएको दुई अङ्कले 'प्लेअफ' पुग्न मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "आजको जितले प्लेअफमा पुग्न मद्दत गर्नेछ । बाँकी रहेका दुई खेल जितेर आगामी यात्रा तय गर्नेछौँ । सुरुका खेलमा केही कमजोरी भए पनि अब ती सबै कमजोरीबाट सिकेर जित निकाल्नुपर्नेछ ।"

उहाँले खेल मैदानको पिचले ब्याटरलाई मद्दत नगरेको बताउँदै त्यसमा सुधार गर्नुपर्ने धारणासमेत व्यक्त गर्नुभयो ।रासस



## संस्कृति स्पोर्ट्स सम्मानद्वारा गुलशन झा सम्मानित

टुडे समाचारदाता

काठमाण्डु । संस्कृति इन्टरनेशनल स्कुलको वार्षिक स्पोर्ट्स डे को अवसरमा आयोजित विशेष समारोहमा संस्कृति स्पोर्ट्स सम्मानद्वारा राष्ट्रिय क्रिकेटका युवा खेलाडी गुलशन झा सम्मानित भएका छन् । खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको कदरस्वरूप झालाई नगद रु. १ लाख १ हजार नगदसहित सम्मान प्रदान गरिएको हो ।




उक्त कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता ले सम्मानपत्र र नगद रकम हस्तान्तरण गर्दै गुलशन झाले खेलकुद क्षेत्रमा गरेको योगदानको प्रशंसा गर्नुभयो। उहाँले युवा पुस्तालाई खेलकुदमार्फत अनुशासित, सक्षम र आत्मनिर्भर बनाउन यस्तो सम्मानले थप प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो ।कार्यक्रममा विशेष अतिथि खेलकुद पत्रकार मञ्चका प्रमुख उपाध्यक्ष प्रज्जवल वली को पनि उपस्थिति रहेको थियो । वलीले खेलकुद प्रतिभालाई प्रोत्साहन गर्ने संस्कृतिको निरन्तरता प्रशंसनीय रहेको बताउँदै संस्कृति स्कुलको भूमिकाको खुलेर प्रशंसा गर्नुभयो । हरेक वर्ष खेलकुद पत्रकार मञ्च र संस्कृति स्कुलले संयुक्त छनौट गर्दै सहकार्य गरेको जानकारी आयोजकले दिनु भयो ।

संस्कृति स्कुलले यसअघि पनि विभिन्न विधाका उत्कृष्ट खेलाडी तथा व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको छ । यसअघि पहिलो संस्करणमा धाविका सन्तोषी श्रेष्ठ, दोस्रो संस्करणमा क्रिकेट खेलाडी कुशल मल्ल र तेस्रो संस्करणमा पलेशा गोवर्धन लाई संस्कृति स्पोर्ट्स सम्मान प्रदान गरिसकेको छ ।साथै उक्त अवशरमा संस्कृति स्कुल का अध्यक्ष रन्जीत आचार्यले खेलकुद क्षेत्रमार्फत राष्ट्रको पहिचानलाई विश्वस्तरमा चिनाउने प्रतिभाहरूलाई निरन्तर हौसला प्रदान गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## एनपिएलको २०औँ अर्धशतक कृष्णमूर्तिको नाममा

काठमाण्डु । दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा अर्धशतकको सङ्ख्या २० पुगेको छ । जनकपुर बोल्ट्सका सञ्जय कृष्णमूर्तिले शनिबार ५० रन पूरा गरेसँगै अर्धशतकको सङ्ख्या २० पुगेको हो ।

सुदूरपश्चिम रोयल्सविरूद्ध उनले ३७ बलमा दुई छक्का र चार चौकाको मद्दतमा अर्धशतक पूरा गरे । योसँगै उनी अर्धशतक हिर्काउने १६औँ खेलाडी बनेका छन् ।

जारी सिजनमा चितवन राइनोजका रवी बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेल र कर्णाली याक्सका प्रियान्क पञ्चालले दुई/दुई अर्धशतक हिर्काएका छन् ।

यस्तै, सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, विराटनगर किङ्सका लोकेश बम, मार्टिन गुप्टिल, बसिर अहमद, पोखराका सुमित बर्माले, एडम रोसिङटन, जिमी निशम काठमाडौँ गोर्खाजका जोन सिम्पसन, जनकपुर बोल्ट्सका वायन पार्नेल र आशिफ शेखले एक/एक अर्धशतक हिर्काएका छन् । जारी प्रतियोगितामा शतक भने कर्णालीका मार्क वाटले मात्रै प्रहार गरेका छन् ।रासस




## नयाँ नक्सा सहितको १०० रुपैयाँका नोट ३० करोड थान निष्कासन,भारतमा विरोध

वीवीसी

काठमाण्डु । करिब छ वर्षपछि नेपाल सरकारले यसै महिना जारी गरेको १०० रुपैयाँको नयाँ नोटमा अङ्कित लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको नयाँ आधिकारिक नक्सालाई लिएर भारतमा विरोध देखिएको छ।




तर नेपाल राष्ट्र ब्याङ्कका प्रवक्ता सरकारले २०७७ साल जेठ ५ गते नेपालको राजपत्रमा सूचना प्रकाशित गरेर आफ्नो नक्सा अद्यावधिक गरेसँगै सोही अनुसार एक सय रुपैयाँको छपाइ भएको बताउँछन्।प्रवक्ता गुरुप्रसाद पौडेलले बीबीसीसँग भनेः "अब छापिने प्रक्रियामा रहेका ५०, ५०० र १,००० रुपैयाँका नोटमा नेपालको नक्सा छैन। सयको नोटमा समेत पहिलो पटक नक्सा थपिएको होइन। नेपाल सरकारको निर्णय बमोजिम अद्यावधिक गरिएको मात्र हो।"विगत पाँच वर्षयता उक्त नक्सा नेपालका निशान छापा, सरकारी कामकाज र विद्यालयमा अध्ययन-अध्यापनमा प्रचलनमा छ।

तर नयाँ नोट चलनचल्तीमा आएपछि व्यक्त प्रतिक्रियामध्ये एक भारतको प्रतिपक्षी दल इन्डिअन न्याश्नल कङ्ग्रेसले आफ्नो ट्विटमा "नयाँ १०० रुपैयाँको नोटमा राखिएको नेपालको नक्सामा धेरै भारतीय भूभागलाई आफ्नो दाबी गरिएको" भन्दै त्यस कार्यलाई "बिलकुलै सहन नसकिने" जनाएको छ। जसमा भनिएको छः "मोदी सरकारले नेपाललाई कडा स्वरमा जवाफ दिनुपर्छ।" सोसल मिडियामा भारतीयका रूपमा देखा परेका कैयौँ पोस्टहरूमा नेपालको यस कदमलाई प्रधानमन्त्री नरेन्द्र मोदी एवं विदेशमन्त्री एस जयशङ्करका कूटनीतिक अक्षमताका रूपमा टिप्पणी गरिएको छ भने अधिकांश भारतीय सञ्चारमाध्यमले यसबारे खबर छापेका छन्।

त्यसमा भारतीय भूमि राखेर नेपालले नोट जारी गरेको, भारतलाई चिढ्याएको लगायतका विवरण समेटिएका छन्। पाँच वर्षअघि नेपालले नयाँ राजनीतिक नक्सा जारी गरेदेखि नै भारतले त्यसलाई अस्वीकार गर्दै आएको छ। नेपाल राष्ट्र ब्याङ्कले सामान्यतः एक पटकमा ३ वर्षको मागलाई समेट्ने गरी नोटहरू छापिने गरेको जनाएको छ।"जसअन्तर्गत यसपटक ३० करोड थान सय रुपैयाँका नोट छापिन्छन्," नेपाल राष्ट्र ब्याङ्कका प्रवक्ता गुरुप्रसाद पौडेलले बीबीसीसँग भने।

"राष्ट्र ब्याङ्कले निष्कासन गर्ने ७ प्रकारका नोटमध्ये अन्यमा नेपालको नक्सा अङ्कित छैन। एक र दुई रुपैयाँका सिक्कामा यसअघि नै नेपालको आधिकारिक नक्सा अङ्कित भइसकेका छ।"केन्द्रीय ब्याङ्कले हाल ५, १०, २०, ५०, १००, ५०० र १,००० रुपैयाँका नोट निष्कासन गर्दै आएको छ। भारतीय सञ्चारमाध्यमहरूले सन् २०२४ को मे मा भारतको भुवनेश्वरमा आयोजित एक कार्यक्रममा भारतीय विदेशमन्त्री एस जयशङ्करले दिएको अभिव्यक्ति यतिखेर व्यापक रूपमा उद्धृत गरिएका छन्।नेपालमा सय रुपैयाँको नयाँ नोट छाप्ने निर्णय भएपछि त्यसमा भारतको समेत दाबी भएका क्षेत्र समेटिएको नक्सा राखिनेबारे एक पत्रकारले सोधेका थिए।

जसमा जयशङ्करको जबाफ थियोः "मलाई लाग्छ यसमा हाम्रो अडान स्पष्ट छ। नेपालसँग हामीले हाम्रा सीमासम्बन्धी छलफलहरू स्थापित मञ्चहरूमार्फत गरिरहेका छौँ। र त्यसको बीचमा उनीहरूले एकतर्फी रूपमा आफ्ना उपाय चाले ।

तर आफ्नोतर्फ केही गर्दैमा त्यसले हामीहरूबीचको अवस्था वा धरातलीय यथार्थ फेर्दैन।"चीनले आफ्नो देशको अद्यावधिक नक्सा सार्वजनिक गर्दा नेपालको पुरानै नक्सा राख्ने गरेको छ। जसले नेपालको नयाँ नक्साको अन्तर्राष्ट्रिय स्वीकार्यता बढाउन पहल नभएको भन्दै बारम्बार सरकारमाथि प्रश्न समेत उठ्ने गरेको छ। यसै वर्षको अगस्टमा लिपुलेक नाकाबाट व्यापार पुनः सञ्चालन गर्ने भारत-चीनको पछिल्लो सहमतिपछि उक्त भूमि आफ्नो "अभिन्न भूभाग" रहेको नेपाल सरकारले बताएको थियो।

तर त्यसको केही घण्टा बित्न नपाउँदै भारतीय पक्षले नेपाली टिप्पणीको प्रतिवाद गर्दै "भारत र चीनबीच लिपुलेकमार्फत सीमा व्यापार सन् १९५४ बाट सुरु भएर दशकौँदेखि चलिरहेको" बताएका थिए।चिनियाँ विदेश मन्त्रालयले उक्त विषय नेपाल र भारत मिलेर सुल्झाउनुपर्ने बताउने गरेको छ। २०७७ जेठमा प्रतिनिधि सभाले निशान छापमा नेपालको नयाँ नक्साको आकृति राख्न दर्ता गरिएको विधेयक उपस्थित सबै २५८ सांसदको मतसँगै पारित गरेको थियो। जसलाई राष्ट्रिय सभाले समेत पास गरेसँगै त्यो जारी भएको थियो।

नापी विभागले देशका अन्य ठाउँमा विवाद समाधान गरेर सीमा स्तम्भ गाड्ने र नक्साङ्कन गर्ने लगायतका कामहरू भइरहे पनि सुस्ता र कालापानीबारे विवादलाई मिलाउने जिम्मेवारी ११ वर्षअघि परराष्ट्रसचिव स्तरीय संयन्त्रलाई दिइएको थियो।तर त्यसको बैठकमा यी विषयमा ठोस छलफल अघि बढ्ने गरेको पाइँदैन।नेपाल राष्ट्र ब्याङ्कले यसअघि ०७६ असोज मा १०० रुपैयाँका नयाँ नोट छापेकामा २०८१ वैशाखमा नयाँ नक्सासहितका उक्त मूल्य अङ्कित नोट छाप्ने निर्णय गरेको थियो।२०८२ साल मङ्सिर ११ गतेबाट उक्त नोट चलनचल्तीमा ल्याइएको राष्ट्र ब्याङ्कले जनाएको छ।

## पोखरा तीन विकेटले पराजित, प्लेअफमा पुग्ने लुम्बिनीको सम्भावना कायमै




काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को शनिबारको पहिलो खेलमा लुम्बिनी लायन्सले पोखरा एभेञ्जर्सलाई तीन विकेटले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावनालाई जीवितै राखेको छ ।

पहिलो चार खेलमध्ये तीनमा हार बेहोरेको लुम्बिनी शनिबारको आफ्नो पाँचौ खेलमा जित्नैपर्ने दबाबमा थियो ।

शनिबारको जीतसँगै लुम्बिनी तालिकामा पाँच खेलबाट चार अङ्कसहित पाँचौ स्थानमा उक्लिएको छ । लुम्बिनीसँग हार बेहोरे पनि पोखराको प्लेअफमा पुग्ने सम्भावना भने जीवितै छ । पोखराले हालसम्म चार खेलमध्ये एकमा जीत निकालेको छ । अहिले पोखरासँग दुई अङ्क मात्रै छ ।

लुम्बिनीले पोखराले दिएको १५१ रनको लक्ष्य १९ दशमलव चार ओभरमा सात विकेटको क्षतिमा पूरा गऱ्यो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले ४० रन बनाए भने निरोशन दिकवेल्लाले महत्वपूर्ण ३७ रन बनाए । साथै सन्दीप जोराले २५ रनको योगदान दिए ।पोखरा एभेञ्जर्सका लागि विपिन खत्री, खत्री मार्क टेलर र सागर ढकालले दुई/दुई विकेट लिए भने जिमी निशमले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखराले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५० रन बनाएको थियो । पोखराले पारीको सुरुआत राम्रो गरेन । उसले १५ रन बनाउँदा दिनेश खरेललाई पहिलो विकेटका रुपमा र दोस्रो विकेटका रुपमा कप्तान कुशल भुर्तेललाई गुमायो ।

त्यसपछि आएका सुमित बर्मा खाता खोल्न सकेनन् भने तिर्तराज दासले पनि जम्मा एक रन बनाए । तर सातौ ब्याटरका रुपमा आएका जिमी निशम र ओपनर एडम रोसिङटनको जोडीले पाँचौ विकेटका लागि ९२ रनको महत्वपूर्ण साझेदारी गऱ्यो । रोसिङटनले ६३ बलमा पाँच छक्का र सात चौकाको सहयोगमा ८१ रन बनाए भने निशमले ५१ रन बनाए । अर्धशतक बनाउने क्रममा निशमले तीन छक्का र तीन चौका प्रहार गरे ।

लुम्बिनीका लागि शेर मल्ल र तिलक भण्डारीले दुई/दुई विकेट लिए भने गुलबदिन नाइबले एक विकेट हात पारे । शनिबारै हुने दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्सबीच हुनेछ ।रासस

## तेल मूल्य स्थिर राख्न 'ओपेक प्लस'को रणनीतिक कदम

एएफपी

भियना । 'ओपेक प्लस' का प्रमुख सदस्य राष्ट्रहरूले सन् २०२५ मा अपनाएको तेल उत्पादन नीति समग्रमा प्रभावकारी देखिएको छ । अप्रिलदेखि साउदी अरब, रूस, इराक, संयुक्त अरब इमिरेट्स, कुवेत, कजाकिस्तान, अल्जेरिया र ओमानले करिब २.९ लाख ब्यारेल प्रतिदिन उत्पादन बढाउँदै प्रतिस्पर्धी मुलुकहरूसँगको बजार हिस्सेदारी विस्तार गर्ने प्रयास गरेका थिए । उत्पादन वृद्धि भएपनि बजारमा आपूर्ति धेरै भएको कारण मूल्यमा केही दबाब परेको थियो । तर, विश्वव्यापी राजनीतिक घटनाक्रमले तेल मूल्यमा ठूलो गिरावट हुनबाट रोक्न मद्दत गरेको विश्लेषकहरूले बताएका छन् ।




ओपेक प्लस पेट्रोलियम निर्यातक देशहरूको सङ्गठनका सदस्य राष्ट्रहरू र केही गैर-सदस्य तेल उत्पादक देशहरूको समूह हो । यस समूहको मुख्य उद्देश्य विश्व तेल बजारमा स्थिरता ल्याउनु, तेलको आपूर्ति नियन्त्रण गर्नु र मूल्य अस्थिरतालाई न्यून गर्नु हो । समूहले तेल उत्पादन कोटा निर्धारण गरी आपूर्ति बढाउने वा घटाउने निर्णय गर्छ र बजारको मागअनुसार रणनीति बनाउँछ । यसरी, ओपेक प्लस विश्व तेल बजारमा मूल्य र आपूर्ति सन्तुलन कायम राख्ने राजनीतिक-आर्थिक गठबन्धनको रूपमा काम गर्छ ।

### अनपेक्षित घटनाले तेल माग बढायो

वर्षको सुरुवातमा अनुमान गर्न नसकिने केही घटनाले तेलको माग बढायो । ती घटनामा १२ दिन चलेको इरान-इजरायल द्वन्द्व, अमेरिकाद्वारा रूसमाथि थपिएको ऊर्जा प्रतिबन्ध र चीनले ठूलो मात्रामा कच्चा तेल भण्डारण गर्नु प्रमुख छन् । यी घटनाले ओपेक प्लसले उत्पादन बढाउँदा मूल्यमा पर्ने नकारात्मक प्रभावलाई संतुलनमा राखिदियो । एचएसबीसीकी ऊर्जा विश्लेषक किम फुश्टिएरले भन्नुभयो,"यी सबै घटना अप्रत्याशित भए तापनि यिनैले ओपेक प्लसको रणनीति सफल बनाउन सहयोग गरे ।"

### ट्रम्प प्रशासनको प्रभाव

सन् २०२५ मा अमेरिकामा डोनाल्ड ट्रम्प पुनः राष्ट्रपति बनेपछि ओपेक प्लसका निर्णयमा अमेरिकी प्रभाव स्पष्ट देखियो । ट्रम्पले साउदी अरबलाई तेल मूल्य घटाउन उत्पादन वृद्धि गर्न आग्रह गर्नुभएका थिए । साउदी अरबले अमेरिकासँगको कूटनीतिक सम्बन्ध मजबुत राख्न यसलाई सकारात्मक रूपमा लिएको विश्लेषकहरूले बताएका छन् । यसको बदलामा अमेरिका र साउदीबीच नागरिक आणविक उर्जा सम्बन्धी सहकार्य र उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिमा पहुँचसम्बन्धी सम्झौता भएको छ ।

### २०२६ को पहिलो त्रैमासमा उत्पादन स्थिर राख्ने निर्णय

डिसेम्बरमा अन्तिम पटक कोटा वृद्धि गरेपछि ओपेक प्लसले सन् २०२६ को पहिलो त्रैमासमा उत्पादन समायोजन नगर्ने निर्णय गरेको छ ।

## नेपाली यू-१९ टोली एसिया कपका लागि छनोट

काठमाण्डु । नेपाली यू-१९ टोली एसिया कपका लागि छनोट भएको छ । नेपालले शनिबार सेमिफाइनलमा मलेसियालाई ९ विकेटले पराजित गर्दै एसिया कपमा स्थान सुरक्षित गरेको हो ।

संयुक्त अरब इमिरेट्स (यूएई) को अजमान मैदानमा मलेसियाले दिएको ५२ रनको लक्ष्य नेपालले ७.५ ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका वंश क्षेत्रीले अविजित २३ र निश्चल क्षेत्रीले अविजित १५ रन बनाए । मलेसियाका मोहम्मद अक्रामले एक विकेट हात पारे ।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसिया १७.२ ओभरमा ५१ रनमा अलआउट भयो । उसका लागि हमजाह




पङ्गीले १३, मुहम्मद फतुल मुइनले ११ रन जोडेपनि अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।नेपालका लागि नितिस कुमार पटेलले चार, चन्दन रामले तीन, कप्तान अशोक धामी, रोशन विश्वकर्मा र अपराजित पौडेलले एक/एक विकेट लिए । कूल १४ टोलीको सहभागिता रहेको यो प्रतियोगिताबाट शीर्ष तीन टोली आगामी एसीसी यू-१९ एसिया कपमा छनोट हुनेछन् ।

यू-१९ एसिया कप आगामी डिसेम्बरमा यूएईमै हुँदैछ ।रासस

## उद्यमी राईको लोभलाग्दो आम्दानी

भोजपुर । वैदेशिक रोजगारीबाट फर्किपछि डेरी उद्योग सुरु गर्नुभएका पौवादुङमा-१ श्यामशिलाका युवा दीपकुमार राईले राम्रो आम्दानी गर्नुभएको छ । राईले छिन्तालुङ डेरी उद्योगमार्फत दैनिक ४०० लिटर दूध सङ्कलन गर्दै आउनुभएको छ । यसबाट राम्रो आम्दानी भएको उहाँको भनाइ छ ।

सङ्कलन गरिएको दूधबाट उहाँले छुर्पी बनाउनुहुन्छ । वार्षिक झण्डै रु ५० लाख बराबरको छुर्पी बाहिर पठाउदै आउनुभएका राईले मासिक करिब ४०० देखि ५०० किलोग्राम छुर्पी उत्पादन गर्दै आउनुभएको छ । "मैले दूधभन्दा पनि मुख्य रूपमा छुर्पी बनाएर बेच्ने गरेको छु", उहाँले भन्नुभयो, "यहाँको छुर्पी बाहिरका जिल्लामा मात्र नभई विदेशसम्म पनि जाने गरेको छ ।"

गुणस्तरीय छुर्पी प्रतिकेजी रु एक हजार १५० सम्म बिक्री हुने गरेको उहाँले बताउनुभयो । गाउँपालिकाले किसानलाई लक्षित गरेर अनुदानमा गाई वितरण गरेपछि दूध सङ्कलनमा कुनै समस्या नरहेको राईले जानकारी दिनुभयो । "किसानले उत्पादन गरेको दूध सदरमुकामसम्म लैजान समस्या थियो", उहाँले भन्नुभयो, "यहाँ नै उद्योग सञ्चालन भएपछि किसानलाई बिक्रीमा सहज भएको छ । म घरघरमै पुगेर दूध सङ्कलन गर्छु ।" उहाँले नौनी घ्यू प्रतिकेजी रु ७५० र खरुवा घ्यू रु एक हजारमा बिक्री गर्दै आउनुभएको छ ।

श्यामशिला क्षेत्रमा विगतदेखि पशुपालन हुँदै आएको भए पनि बजार अभावका कारण समस्या रहेकामा अहिले सहजता रहेको वडाध्यक्ष राजेन्द्र तामाङले बताउनुभयो । गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन दुग्ध 'मिसन कार्यक्रम' सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो । पशुपालनका लागि उपयुक्त क्षेत्रमा उन्नत जातका गाईभैँसी अनुदानमा प्रदान गरिएको उहाँले जानकारी दिनुभयो ।

"पशुपालन गर्न चाहने किसानलाई ५० प्रतिशत अनुदान सहयोग गर्दै आएका छौँ", अध्यक्ष राईले भन्नुभयो, "दूध बिक्रीबाट किसानले राम्रो आम्दानी लिन थालेका छन् । प्रोत्साहनका कार्यक्रमले किसानलाई आयआर्जनमा जोडेको छ ।"स्थानीयलाई पोषण र आयमा जोड्न यसअघिमा वर्षमा १३ वटा उन्नत जातका भैँसी वितरण गरिएको थियो । गत आर्थिक वर्षदेखि पुनःउन्नत जातका गाई वितरण भइरहेको उपाध्यक्ष ज्योत्स्ना राईले बताउनुभयो ।रासस

## टिपिएस' विधिबाट आलुखेती



कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-८ नौखरीका व्यावसायिक तरकारीखेतीमा संलग्न किसान महादेव चौधरीले यस वर्ष पहिलोपटक टिपिएस (ट्रयु पोटेटो सिडस) विधिबाट आलुखेती गर्नुभएको छ । चौधरीले आलुको बिँडाबाट प्राप्त वास्तविक बियाँ प्रयोग गरी नर्सरीमा बिरुवा उत्पादन गरेपछि खेतमा सारेर उहाँले बिरुवा रप्नुभएको हो ।

चौधरीका अनुसार टिपिएस विधिबाट प्राप्त बिरुवा रोगप्रतिरोधी, स्वस्थ र बढी उत्पादन दिने भएकाले यसलाई प्राथमिकता दिएको बताउनुभयो । "पहिले बियाँ रोपेर वेर्ना बनायौँ, त्यसपछि खेतमा सारेर रोप्यौँ", चौधरीले भन्नुभयो, "यसबाट आगामी वर्ष रोगमुक्त उच्च गुणस्तरको बीउ उत्पादन गर्ने लक्ष्य छ ।"

एक दशकदेखि व्यावसायिक तरकारीखेतीमा संलग्न चौधरीका लागि टिपिएस विधि बियाँ उत्पादनतर्फको प्रवेशको पहिलो अनुभवका रूपमा रहेको छ । आधुनिक आलु उत्पादन प्रविधि उपयोग गरेर बीउ उत्पादन लागत घट्ने, रोगको जोखिम कम हुने र उत्पादन वृद्धि हुने भएकाले नयाँ विधि अपनाएको चौधरीले बताउनुभयो ।

हाल चौधरीले दुई कट्ठा क्षेत्रमा बियाँबाट तयार पारिएका आलुका बिरुवा रोप्नुभएको छ । आउँदो वर्ष दश कट्ठा जग्गामा यसै विधिबाट उत्पादन भएको मूल बीउ रोपेर रोगमुक्त आलु बीउ उत्पादन गर्ने लक्ष्य राख्नुभएको छ । टिपिएसबाट उत्पादन हुने बीउको मूल्य अधिक हुने भएकाले आम्दानीमा उल्लेख्य वृद्धि हुने उहाँको अपेक्षा रहेको छ । चौधरीले हाल आलुसँगै काउली, गोलभेडा, खुर्सानी, बन्दागोभी, तिते करेला, काँक्रा, लौका, फर्सी र तने बोडी गरी दश कट्ठा क्षेत्रफलमा विविध सागसब्जीखेती गर्दै आउनुभएको छ ।

सागसब्जी उत्पादनबाट चौधरीले वार्षिक रु सात लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । "टिपिएस आलुखेतीलाई भविष्यमा बीउ उत्पादन तथा आधुनिक तरकारी व्यवसाय विस्तारको मुख्य आधारका रूपमा लिएको छु", उहाँले भन्नुभयो, "यसरी उत्पादन भएको आलुको बीउलाई व्यावसायिक रूपमा आलुखेती गर्ने किसानलाई उपलब्ध गराउने योजना छ ।"

पहिलो पुस्ताको आलुको बीउ प्रयोग गरी खेती गरिए उत्पादन बढ्नुका साथै छ वर्षसम्म बीउका रूपमा प्रयोग गर्न सकिने उहाँ बताउनुहुन्छ । यस प्रविधिबाट आलुको बीउ उत्पादन गर्न किसानलाई सिकाउने उहाँले उद्देश्य लिनुभएको छ । बाह्य जिल्लाका किसानले बियाँबाट बिरुवा तयार गरी आलु रोपेको देखेर चौधरीले त्यो तरिका सिकेर आलुको बीउ उत्पादनमा संलग्न हुनुभएको हो ।रासस

> "यसरी उत्पादन भएको आलुको बीउलाई व्यावसायिक रूपमा आलुखेती गर्ने किसानलाई उपलव्ध गराउने योजना छ ।"

## चिसो पहाडबाट झरेर तराईमा जडीबुटी व्यावसाय



धरान । सङ्खुवासभामा जन्मेर हिमाली भेगको चिसो हावापानी र भिरालो डाँडाकाँडामा हुर्किनुभएकी आचुङ्मा भोटे विगत १६ वर्षदेखि तराई झरेर जडीबुटी व्यवसाय गर्दै आउनुभएको छ । इटहरी उपमहानगरपालिका-६ टेङ्गा खोला नजिकै हटियालाइनमा खुला आकाश मुनि विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै उहाँले राम्रो आम्दानी गर्दै आउनुभएको छ ।

भोटेका अनुसार जडीबुटी व्यवसाय उहाँहरूको पुर्खौली पेसा नै हो । जिजुबाजेदेखि बुबाआमासम्मकै पुस्ताले जडीबुटी सङ्कलन तथा बिक्री गर्दै आएको परम्परालाई उहाँले निरन्तरता दिइरहनुभएको बताउनुभयो । भोटेले भन्नुभयो, पहाडमा पहिला अस्पताल र सडक सुविधा नहुँदा बिरामी पर्दा हामीले यही जडीबुटी प्रयोग गर्ने गरेका थियौँ । यही ज्ञानलाई निरन्तरता दिँदै तराई झरेर यही व्यवसाय सुरु गरेकी हुँ ।"

पहिला हिउँद सुरु भएपछि लेकाली क्षेत्रमा पाइने जडीबुटी बोकेर बुबाआमाले कुम्लोमै बोकेर महिनौ दिन हाटबजारमा बिक्री गर्दै तराई झर्नुहुन्थ्यो । अहिले भने सडक यातायातको पहुँच पुगेसँगै गाउँमै पनि व्यापार गर्न सहज भएको छ । सुरुमा शहरको बसाइ र गर्मीको मौसम निकै गाह्रो भए पनि विस्तारै बानी पर्दै गएपछि व्यवसाय वृद्धि हुदै गएको उहाँको भनाइ छ । अहिले दैनिक रूपमा रु ६ हजारदेखि रु १० हजारसम्म आम्दानी हुने गरेको छ । आइतबार हटियाको दिन भने रु १५ हजारदेखि रु २० हजारसम्म आम्दानी हुने गरेको भोटेले जानकारी दिनुभयो ।

भोटेको पसलमा हाल १०० भन्दाबढी जडीबुटी बिक्रीका लागि राखिएका छन् । रु ५ देखि रु २० हजारसम्मका जडीबुटी बिक्रीका लागि उपलब्ध छन् । रक्सी बनाउन प्रयोग हुने मर्चादेखि धार्मिक तथा सांस्कृतिक प्रयोजनका सामग्रीसम्म बिक्रीमा छन् । किरात समुदायले साकेला पर्वमा प्रयोग गर्ने चौरीको पुच्छरसमेत उहाँले बिक्रीका लागि राख्नुभएको छ ।

भोटेले शिलाजित, पदमचाल, सुगन्धवाल, टिमुर, हिँग, केसर, बतिसा, जेठिमधु, यार्सागुम्बासहित विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो, अहिलेसम्म कुनै पनि ग्राहकबाट नकारात्मक प्रतिक्रिया आएको छैन, एकपटक सामन किनेर गएपछि अर्को पटक फर्कैरै आउनुहुन्छ, यही मेरो सफलताको आधार हो । अहिले धेरैजसो काठमाडौँ, विराटनगर, वीरगञ्ज, मोरङ, झापालगायत स्थानबाट फोनमार्फत धेरै अर्डर आउने गरेको छ ।

सोही ठाउँमा जडीबुटी व्यवसाय सञ्चालन गर्दै आउनु भएकी पासाङ् ल्यामु भोटियाले पनि १५ वर्षदेखि यही पेशालाई आत्मनिर्भरताको आधार बनाउँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "घरखर्चदेखि बालबच्चाको पढाइलेखाइसम्म सबै खर्च यही व्यवसायबाट धानिँदै आएको छ जडिबुटी व्यवसायबाट राम्रो भएको छ आम्दानी मेरो आम्दानीको श्रोत नै यही हो ।"

लेकमा जन्मेर तराई झरेको पहाडी भेगको चिसो हावापानीसँग खेलेर हुर्केको सुरुमा गर्मी ठाउँमा झरेर व्यापार गर्दा निक्कै गाह्रो भएको थियो । अहिले भने घाम सहन बानी परिसक्यो व्यापारमा पनि सहज भएको छ । भोटियाले भन्नुभयो, यो जडिबुटी भनेको हाम्रो पुर्खौली पेसा नै हो । अन्य पेसामा ज्ञान नभएका कारणे पुर्खौली पेसा जडिबुटी व्यवसाय नै रोजेको उहाँले बताउनुभयो । बिक्रीका लागि जडिबुटी, सङ्खुवासभा, भोटखोला, साथै नेपालका विभिन्न ठाउँ र भारतबाट जडीबुटी आउने गरेको भोटियाले बताउनुभयो ।

सङ्खुवासभाको चेपुवा, हटिया, भोटखोला, होङ्गोङ, गोलालगायत हिमाली क्षेत्रका शेर्पा तथा भोटे समुदायमा आज पनि जडीबुटी सङ्कलन तथा बिक्री परम्परागत पेसाका रूपमा चलिआएको छ । विगतमा महिनौँ यात्रा गर्दै बर्कीका कुम्लो बनाएर बोकेर गाउँ शहर डुल्ने परम्परा रहे पनि अहिले यातायात तथा आपूर्तिको सहजताले गाउँमा पनि व्यवसाय गर्न सहज भएको व्यापारीको भनाइ छ ।रासस

## मालढुङ्गा–मिलनचोक खण्डमा कालोपत्र सम्पन्न



म्याग्दी । भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी कोरिडोरअन्तर्गत मालढुङ्गा-मिलनचोक खण्डमा कालोपत्र भएको छ । म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडकअन्तर्गत मालढुङ्गा-मिलनचोक खण्डको नौ किलोमिटरमा अस्फाल्ट प्रविधिको कालोपत्र भएपछि आवागमन सहज हुनाका साथै यात्रा अवधि छोटिएको छ ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी इञ्जिनियर विष्णु चापागाईंका अनुसार १३ किमी दूरीको उक्त सडकअन्तर्गत मिलनचोक-बेनी खण्डमा पनि कालोपत्रको तयारी भइरहेको छ । यसअघि गत वर्ष मालढुङ्गा-फर्से खण्डमा तीन किमी ३०० मिटरमा कालोपत्र र दुई किमी २०० मिटर ढलान भएको उहाँले जानकारी दिनुभयो ।

लस्ती-बेनी खण्डको छ किमी ५०० मिटर सडक यही मङ्सिर पहिलो सातादेखि कालोपत्र गर्न थालिएको छ । लस्ती-केराबारी-मिलनचोक खण्डको काम शुक्रबार सम्पन्न भएको सूचना अधिकारी चापागाईंले बताउनुभयो । उहाँका अनुसार बारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक/एक सय मिटर सडकलाई ठेक्काबाट हटाइएको छ ।

पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गाबाट जलजला गाउँपालिका-८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने यो सडक दुई लेनको बनाएर कालोपत्र विसं २०७९ मा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७७ चैतमा एपेक्स-खड्का-कृष्ण जेभीसँग रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता भएको थियो ।

कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभावलगायत कारण देखाएर सहायक ठेकेदार ओमकारेश्वरले अलपत्र बनाएको आयोजनालाई पूर्णता दिन एक वर्षअघि मुख्य ठेकेदार कार्यक्षेत्रमा आएका सूचना अधिकारी चापागाईंले बताउनुभयो ।

जलजला-७ मिलनचोकका बासिन्दा जमुना आचार्यले सडक कालोपत्र भएपछि एक घण्टाको यात्रा अवधि २०-२५ मिनेटमा छोटिएको बताउनुभयो । सवार 'साधनको आवागमन सहज हुनाका साथै समयको पनि बचत भएको उहाँको भनाइ छ ।

यो सडक भएर म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् । 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत विसं २०५२ मा मार्ग खुलेको मालढुङ्गा-बेनी सडकअन्तर्गत बेनी सडक २०६८ सालमा कालोपत्र गरिएको थियो ।रासस

## कार्यालय भवन बनेको दशकपछि बाटोको निकास



म्याग्दी । सामाजिक विकास कार्यालय, म्याग्दीको कार्यालय रहेको भवन निर्माण भएको एक दशकपछि त्यहाँ पुग्ने बाटोको निकास खोलिएको छ ।

विसं २०७२ मा निर्माण भएको तत्कालीन महिला तथा बालबालिका कार्यालय रहेको भवनमा पछिल्लो पाँच वर्षयता गण्डकी प्रदेश सरकार मातहतको सामाजिक विकास कार्यालय सञ्चालन हुँदै आएको थियो । महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिकहरूलाई सेवा दिने र उनीहरू लक्षित कार्यक्रम सञ्चालन गर्ने कार्यालय पुग्न प्रयोग गर्ने बाटो अपाङ्गमैत्री थिएन् । व्यक्तिगत जग्गाको बाटो भएर कार्यालय पुग्नुपर्ने समस्या थियो ।

भवन पछाडिको पाखोमा पर्खाल निर्माण गरेर मूल सडक जोड्ने बाटो निर्माण गरेको कार्यालय प्रमुख तारानाथ सुवेदीले बताउनुभयो । "व्यक्तिले बाटो नदिएको अवस्थामा कार्यालयमा सेवाग्राही त के कर्मचारी पनि आउन नसक्ने अवस्था थियो", उहाँले भन्नुभयो, "मुख्य सडकदेखि कार्यालय भवनसम्म वैशाखी टेकेर, ह्विलचियरमा समेत सहजै आउन मिल्ने गरी अपाङ्गमैत्री बाटो बनाइएको हो ।"

रु १५ लाख ७५ हजार खर्चेर ४० मिटर लामो र कम्तीमा चार मिटर फराकिलो ढलान गरेको बाटो निर्माण भएको कार्यालय प्रमुख सुवेदीले बताउनुभयो । कार्यालय भवनको पछाडिपट्टि रहेको भिरालो पाखोमा पर्खाल बनाएर उकासेर फराकिलो बनाई त्यसमाथि ढलान गरिएको छ । डिलतर्फ रेलिङ राखिएको छ । प्रवेशद्वार पनि निर्माण भएको छ । रासस


### गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बिरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

### नदीजन्य पदार्थको विक्रीका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०८/१४

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क, र यस गणेशमान चारनाथ नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ को व्यवस्था बमोजिम यस नगर क्षेत्र भित्र पर्ने चारनाथ तथा वालुवा खोलाको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी गणेशमान चारनाथ नगरपालिकाले तोकेको दरमा (प्रति घनफिट रु. ५.५० मु.अ. कर बाहेक) बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :-

| सि. न. | बोलपत्र नं. | बोलपत्रको नाम | संकलन गर्न सकिने परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु.३०००।०० बुझाउने खाताको विवरण | कबोल अंकको ५ % धरौटीको लागि नगद जम्मा गर्नेको हकमा रकम बुझाउने खाताको विवरण |
|---|---|---|---|---|---|---|
| १ | GCM/ GOODS/NCB/ 04/2082-083 | चारनाथ तथा वालुवा खोलाबाट नदीजन्य पदार्थको बिक्री | ९६००२३.०६ | रु. ५२८०१२६.८१ | माछापुच्छ्रे बैंक, बिरेन्द्रबजार शाखामा यस कार्यालयको खाता नं. ०७१००८६३२७९०००७१ (ग-१-१) राजश्व शिर्षक नं. १४२२९ | माछापुच्छ्रे बैंक बिरेन्द्रबजार शाखामा रहेको धरौटी खाता नं. ०७१००८६३२७९०००९१ (ग-३) |

- ठेक्का सम्बन्धी थप विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट https://bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ साथै यस कार्यालयको वेवसाइट www.ganeshmancharnathmun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



### कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना १४ गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय जनकपुरबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

| |
|---|
| **क) कर्जा शीर्षक : व्यवसायिक अधिबिकर्ष कर्जा** |
| **ऋणीको विवरण** |
| नाम : **आर.के. कोल्ड स्टोर्स** प्रोप्राइटर : राजु कान्त कापर प्रा.फ.र.नं. : ६९२९/२०३/०७१/७२<br>दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुर दर्ता मिति : २०७१/०६/१०<br>फर्मको ठेगाना : धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०२५८०५११ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) गुलट कापरको नाति राज नारायण कपडीको छोरा महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. ७ बस्ने **राजु कान्त कापर** (ना.प्र.नं. : ०४३३२६०० जारी मिति र जिल्ला : २०५४/१०/०९, महोत्तरी) |
| २) राज नारायन कपडीको बुहारी राजु कान्त कापरको पत्नी महोत्तरी जिल्ला वनौली दनौली वडा नं. ७ हाल, पिपरा गा.पा. वडा नं. ७ बस्ने **मीना कुमारी देवी** (ना.प्र.नं. : ०४३३२९८० २७६ जारी मिति र जिल्ला : २०५९/१०/०९, महोत्तरी) |
| ३) राज नारायन कपडीका नाति राजु कान्त कापरको छोरा महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. ७ बस्ने **कन्हैया कान्त कापर** (ना.प्र.नं. : १८-०१-७७-०२१७४ जारी मिति र जिल्ला : २०७७/०६/२७, महोत्तरी) |
| ४) राज नारायन कपडीका नाति राजु कान्त कापरको छोरा महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. ७ बस्ने **कृष्ण कान्त कापर** (ना.प्र.नं. : १८-०१-७५-१०२२५ जारी मिति र जिल्ला : २०७५/११/०९, महोत्तरी) |
| **ख) कर्जा शीर्षक : साधारण कर्जा** |
| **ऋणीको विवरण** |
| गुलट कापरको नाति राज नारायण कपडीको छोरा महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. ७ बस्ने **राजु कान्त कापर** (ना.प्र.नं. : ०४३३२६०० जारी मिति र जिल्ला : २०५४/१०/०९, महोत्तरी) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| राज नारायन कपडीको बुहारी राजु कान्त कापरको पत्नी महोत्तरी जिल्ला वनौली दनौली वडा नं. ७ हाल, पिपरा गा.पा. वडा नं. ७ बस्ने **मीना कुमारी देवी** (ना.प्र.नं. : ०४३३२९८० २७६ जारी मिति र जिल्ला : २०५९/१०/०९, महोत्तरी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# आज सम्पूर्ण औषधि पसल बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । हेटौडाको दुई औषधि पसलमा औषधि व्यवस्था विभाग वीरगन्ज शाखाले सिलबन्दी गरेपछि औषधि व्यवसायीहरु आन्दोनलनमा उत्रेका छन ।

राष्ट्रिय व्यवसाय संरक्षण समितिको संघर्ष समितिले आइतवार औषधि पसल बन्द गरी विरोध प्रदर्शनमा सहभागी हुन अपिल गरेको छ ।




समितिले सामाजिक सञ्जालमा एक सूचना सार्वजनिक गरी आइतवार बिहान ११ बजे देखि १२ बजेसम्म आ-आफ्नो औषधी पसल (फार्मेसी) बन्द गरी औषधी व्यवस्था बिभागको प्राङ्गणमा उपस्थित सबै औषधि व्यवसायीलाई अपिल गरेको छ।

विरोध कार्यक्रम अन्तर्गत औषधीको आयात, थोक र खुद्रा सम्पूर्ण व्यवसाय बन्द रहने सूचनामा जनाएको छ । संघर्षसमितिले मंसिर १२ गतेदेखि नै विरोध कार्यक्रम सार्वजनिक गरेको हो । सो कार्यक्रम अन्तर्गत नेपाल औषधि व्यवसायी संघ धनुषाले समेत औषधि व्यवस्था विभागको प्रांगणमा बिहान ११ बजेदेखि २ बजेसम्म मौन धर्ना र कार्यस्थलमा ११ बजेदेखि १२ बजेसम्म सांकेतिक धर्ना दिने कार्यक्रम तय गरेको छ ।

यो संगै मंसिर १५ गते विभागको प्रांगणमा बिहान ११ बजेदेखि दिउंसो ३ बजेसम्म र कार्यस्थलमा एक बजेसम्म र मंसिर १६ गते बिहान ११ बजेदेखि दिउसो ४ बजेसम्म विभागको प्रांगणमा र कार्यस्थलमा २ बजेसम्म धर्ना कार्यक्रम गर्ने विरोधको कार्यक्रम तय गरेका छन् ।

मंगलवार इजाजत बिनाको औषधि बिक्री वितरण गरेको आरोपमा हेटौंडाका दुई औषधि पसलमा विभागले सिलबन्दी गरेपछि औषधि व्यवसायीहरु आन्दोलनमा उत्रेको हो ।

अनुगमनको क्रममा शाखाले हेटौंडा ८ स्थित अग्रिम हेल्थ केयर र हेटौंडा ४ स्थित बिके हेल्थ क्लिनिकमा बिना इजाजत नै विभिन्न कम्पनीका औषधि बिक्री गरिएको पाइएपछि सिलबन्दी गरिएको शाखा प्रमुख शम्भूप्रसाद साहले बताएका थिए ।

शाखा प्रमुख साहले मंगलबार मकवानपुरका १९ र बुधबार सिन्धुली जिल्लाका १४ गरी कूल ३३ औषधि पसल अनुगमन गरिएको थियो। अनुगमनको क्रममा औषधि पसलहरु दर्ता भए/नभएको, फर्मासिस्ट वा व्यवसायी आफै पसलमा बस्ने गरेको/नगरेको, लागुऔषध तथा मनोद्विपकको तथ्यांक राखेर बिक्री गरे/नगरेको, औषधि व्यवस्था विभागमा दर्ता नरहेको औषधि सञ्चय गरे/नगरेको आदि जानकारीलाई लक्षित गरिएको शाखा प्रमुख शाहले बताए।

कार्यालयका निरीक्षकद्वय रजिना श्रेष्ठ र मुकेशकुमार राउतको टोलीले अनुगमन गरेको थियो । सिन्धुलीका औषधि पसलमा भने कुनै कैफियत भेटिएको थिएन।

मकवानपुरमा अनुगमनको क्रममा चार औषधि पसलमा फर्मासिस्ट नबसेको पाइएपछि ती पसल तत्कालै बन्द गरी उनीहरुलाई स्पष्टीकरणसहित कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको साहले बताए।

# जनकपुर बोल्टसको चौथो पटक हार




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल) सिजन-२ मा जनकपुरधाम लगातार चौथो पटक हारेका छन् । शनिवार सुदूरपश्चिम रोयल्ससँग हारसँगै चौथो पटक जनकपुर बोल्ट हारेका हुन ।

शनिबार भएको खेलमा जनकपुर बोल्ट्सले दिएको १४६ रनको लक्ष्य सुदूरपश्चिम रोयल्सले १७ ओभर ४ बलमा ४ विकेट गुमाएर पूरा गऱ्यो । सुदूपश्चिमको जितका लागि इसान पाण्डेले सर्वाधिक ५६ रन बनाए। इसानले ३५ बलमा ८ चौका र एक छक्का प्रहार गरे। जोश ब्राउन ०, विनोद भण्डारी ४२ र क्रिस लिन १ रनमा आउट भए। कप्तान दीपेन्द्रसिंह ऐरी १० र हर्मित सिंह २५ रनमा अविजित रहे।

बलिङमा जनकपुरका माज सदाकतले २ तथा सञ्जय कृष्णमूर्ति र आदित्य मेहताले एकएक विकेट लिए। त्यसअघि टीयु क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १४५ रन बनाएको थियो। जनकपुरका लागि सञ्जय कृष्णमूर्तिले अर्धशतक प्रहार गरे । उनले ३८ बलमा २ चौका र २ छक्का प्रहार गरे।

जोन निकोल लोफ्टी इर्न्टन ३९, माज सदक्वात १२, आसिफ शेख ०, मयन यादव ६, आदित्य मेहता १५, शुभ कंशाकार ० र वायन पार्नेल १४ रनमा आउट भए । रुपेश सिंह १ रनमा अविजित रहे।

बलिङमा सुदूरपश्चिमका अभिनास बोहराले सर्वाधिक ४ विकेट लिए। स्कट कुइगेलेइन ३ र कप्तान दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए।

सुदूरपश्चिमले लगातार पाँचौं जित निकाल्दा साविक विजेता जनकपुर बोल्ट्सले लगातार चौथो हार बेहोरेको छ । यसअघि जनकपुर बोल्टस पोखरा र विराटनगरसँग हार बेहोरिसकेका छन।

# नेसपाले चुनावी तालमेल गर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल सद्भावना पार्टी (नेसपा) पुनर्गठन गरेका अनिलकुमार झाले आगामी प्रतिनिधिसभा चुनावमा आफ्नो पार्टी सहभागी हुने बताएका छन्।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल छाडेर नेसपा पुनर्गठन गरेका अध्यक्ष झाले आफ्नो दलले चुनावमा भाग लिने र यसका लागि अन्य दलसँग सहकार्य गर्न तया रहेको जानकारी दिएका छन्।

पार्टी पुनर्गठन गरेपछि अध्यक्ष झा सङ्गठन निर्माणको काममा लागेका छन्। अब प्रतिनिधिसभाको चुनावको तयारीमा लागेको उनले बताए। उनले भने, 'हाम्रो पार्टी अहिले कुनै दलसँग एकता गरेर वा एउटै चुनाव चिन्हमा चुनाव लड्ने पक्षमा छैन, यद्यपि कुरा मिल्यो भने क्षेत्रअनुसार चुनावी तालमेल गर्न सकिन्छ।'

आफ्नो पार्टीले २०४० सालदेखि मधेशको मुद्दा र एजेन्डामा काम गर्दै आएकोले त्यसमा कुनै सम्झौता नगर्ने बताउँदै उनले तालमेल, गठबन्धन वा मोर्चाबन्दी पनि मधेशको एजेण्डा र मुद्दामा काम गरिरहेका दलसँग मात्र गर्ने बताए।

उनले पाँच प्रदेश र २५ वटा जिल्लामा आफ्नो सङ्गठन तयार भएको र चाँडै त्यसको घोषणा गर्ने तयारी गरिरहेको समेत बताए। नेपाल सद्भावना पार्टीको अध्यक्षमा यसअघि रामकुमार महतो अध्यक्ष थिए। पार्टीका बहुमत सदस्यले झालाई अध्यक्ष बनाएका थिए।

# अनैतिक गतिविधिविरुद्ध स्थानीय सडकमा



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा होटलहरुमा भइरहेको अनैतिक गतिविधि रोक्न स्थानीयवासी सडकमा उत्रेका छन् ।

जनकपुरधामस्थित होटल तथा गेस्ट हाउसहरूमा देहव्यापार यौनजन्य क्रियाकलाप चल्दै आएको आरोप लगाउँदै पिडाडी चोक आसपासका बासिन्दाहरु कारबाहीको माग गर्दै सडकमा उत्रेका छन् ।

विरोध प्रदर्शनमा उत्रेका स्थानीयहरुले होटलहरुमा भइरहेको यस्ता गतिविधिले समाजमा नकारात्मक प्रभाव परिरहेकाले तत्काल नियन्त्रण गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् । जनकनगर सोसाइटी पिडाडीले देहव्यापार विरुद्ध जनचेतना अभियान सुरु गर्दै अनैतिक क्रियाकलापलाई संरक्षण दिएको भन्दै धनुषा प्रहरी प्रशासनविरुद्ध नाराबाजीसमेत गरेको छ।

यौनजन्य क्रियाकलाप सञ्चालनमा संलग्न होटल तथा गेस्टहाउस सञ्चालकहरूलाई तत्काल अनैतिक क्रियाकलाप बन्द नगरिए स्थानीयस्तरमा होटल बन्द गराउने सहितका चेतावनी समेत दिएका छन् ।

# आकाशे पुलको निर्माण कार्य शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर–ढल्केवर सडक खण्ड अन्तर्गत लक्ष्मिनियादेखि महेन्द्रनगरसम्म तीनवटा आकाशे पुलको निर्माण कार्य शुरु भएको छ।

सडक डिभिजन कार्यालय मुजेलियाद्वारा जनकपुर-ढल्केबर ६ लेन व्यापारिक राजमार्ग अन्तर्गत छुट्टा-छुट्टै स्थानमा १० करोड ५० लाखको लागतमा तीनवटा आकाशे पुलको निर्माण कार्य शुरु भइसकेको छ।

सडक डिभिजन कार्यालय जनकपुरधामका इन्जिनियर उज्ज्वल झाले दिएको जानकारी अनुसार एक महिनामै माटो खनेर पिलर खडा गर्नेसहितका काम भइरहेको उनले बताए।

पैदल यात्रुहरूको सुविधाका लागि मधेश प्रदेशको राजधानी जनकपुरधाममा उत्तर तर्फबाट प्रवेश गर्ने सो सडकमा निर्माणाधीन आकाशे पुलको काम पुरा भएमा सवारी दुर्घटनामा कमी आउने सडक डिभिजन कार्यालय मुजेलियाले जनाएको छ।



पैदल यात्रीको बढी चाप भएका भएका राजमार्ग अन्तर्गत धनुषाको लक्ष्मीनिया गाउँपालिकाको लक्ष्मीनिया बजारमा, क्षीरेश्वरनाथ नगरपालिकाको महिला विकास चोकमा र सखुवा चोकमा लागतमा छुट्टा-छुट्टै तीन वटा आकाशे पुलको निर्माण कार्य भइरहेको छ।

सडक कार्यालयले जनाए अनुसार चालु आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न गर्ने गरी लक्ष्मिनियामा ३ करोड ४२ लाखको लागतमा, महिला विकास चोकमा ३ करोड ३५ लाख र सखुवा चोकमा ३ करोड ४५ लाखको लागतमा सो आकाशे पुल निर्माण भइरहेको छ।

निर्माणाधीन तीन वटै आकाशे पुलको उचाइ ५ दशमलव ६ मिटर, लम्बाइ २९ दशमलव ४ मिटर र चौडाइ ३ मिटर रहेको कार्यालयले जनाएको छ । आकाशे पुलले शहरको सौन्दर्यकरण सँगै यसको प्रयोग गरेर सडकबाट वारपार गर्न सजिलो हुने र यसले दुर्घटनामा कमी आउने डिभिजन कार्यालयले जनाएको छ।

# सर्वपक्षीय सम्मेलन गर्न राप्रपाको माग

**टुडे समाचारदाता**

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रधानमन्त्री सुशीला कार्कीसँग पूर्वराजा, राजनीतिक दल र जेनजीसहितको सर्वपक्षीय सम्मेलनको माग गरेका छन्।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन ०८४ को चुनाव ०८२ मा सार्न मात्रै नभएको भन्दै राप्रपाले प्रधामन्त्री कार्कीले दिर्घकालीन राजनीतिक निकास दिनुपर्ने माग राप्रपाले ज्ञापन पत्र बुझाउँदै माग गरेको हो ।

वर्तमान सरकारले भविष्यमा कसैले आन्दोलन गर्नु नपर्ने परिस्थिति बनाउनका लागि चुनाव अगावै पूर्वराजा, राजनीतिक र जेनजी लगायत सहभागी हुनेगरी सर्वपक्षीय सम्मेलन आयोजना गरेर निकास दिनुपर्ने राप्रपाको माग छ।

शनिबार बालुवाटारमा प्रधानमन्त्री कार्कीलाई बुझाइएको राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनद्वारा हस्ताक्षरित पाँच बुँदे ज्ञापन पत्रमा



अन्तर जिल्ला र विदेशबाट समेत मतदान गर्न पाउने सुनिश्चिता गरेर मात्रै निर्वाचन प्रक्रिया अघि बढाउन आग्रह गरिएको छ।

यस्तै जेनजी आन्दोलनमा सहभागीहरूलाई पक्राउ गरेर मुद्दा चलाउने काम भइरहेको भन्दै तत्काल रोक्न प्रधानमन्त्री कार्कीलाई राप्रपाले ध्यानाकर्षण गराएको छ।

विभिन्न माग राखेर प्रदर्शनमा रहेका र प्रधानमन्त्रीसँग भेट्न चाहेका जेनजी युवाहरूमाथि दमन र उपेक्षा उपयुक्त नभएको भन्दै राप्रपालले वार्ता र संवादबाट वातावरणलाई शान्त बनाउने प्रयास गर्न आग्रह गरेको छ।

ज्ञापन पत्र बुझाउन जाने टोलीमा राप्रपाका वरिष्ठ उपाध्यक्षत्रय विक्रम पाण्डे, रोशन कार्की, र रवीन्द्र मिश्र, उपाध्यक्ष हेमजङ्ग गुरुङ, महामन्त्री डा. धवलशमशेर राणा, महामन्त्री कुन्ती शाही, महामन्त्री राजेन्द्र गुरुङ र महामन्त्री शरद्राज पाठकलगायत सहभागी थिए।

# मिनापको नाटक घर निर्माण

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला नाट्य कला परिषद्द्वारा निर्माण गरिएको नाटक घरको मंसिर १५ गते उद्घाटन हुने भएको छ।

परिषद्ले जनकपुरधाम उपमहानगरपालिकाको वडा नं ४ मा करिब २ करोडको लागतमा निर्माण सम्पन्न गरेको नाटक घरको उद्घाटन हुन लागेको हो।

नेपालकै पुरानो नाट्य संस्था मध्ये एक रहेको मिथिला नाट्यकला परिषद्को सो नाटक घरमा ३ सय दर्शक अटाउने क्षमता रहेको परिषद्का अध्यक्ष परमेश झाले जानकारी दिएका छन् ।

दैनिक रूपमा नाटक मञ्चन गर्ने उद्देश्यले साथ नाटक घरको निर्माण गरिएको परिषद्ले जनाएको छ।

मैथिलीका प्रसिद्ध नाट्य लेखक महेन्द्र मलंगीयत तथा वरिष्ठ साहित्यकार डा.राजेन्द्र प्रसाद विमलले संयुक्त रूपमा नवनिर्मित नाट्य घरको उद्घाटन




गर्ने परिषद्ले जनाएको छ। हाल परिषद्सँग राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय क्षेत्रमा ख्याति कमाएका ७० जना कलाकारहरू आबद्ध रहेको छ। जसमध्ये २२ देखि २५ जना महिला कलाकारहरू मात्र रहेको परिषद्का अध्यक्ष झाले जानकारी दिए।

नेपालमा रहेका सरकारी बाहेकका नाटक घर मध्ये ठूला नाटक घरको रूपमा मिथिला नाट्यकला परिषद्को नाटक घर रहेको जनाएको छ । नाटक घरको सञ्चालनले मिथिलाको नाटक क्षेत्रको विकासमा थप मद्दत पुग्नुका साथै कलाकारलाई जीविकोपार्जनमा ठूलो मद्दत पुग्ने विश्वास परिषद्को छ।

२०३६ सालमा स्थापना भएको मिथिला नाट्य कला परिषद्को नाटक घरको निर्माणमा विभिन्न सरकारी संस्था, निकाय तथा व्यक्तिहरूको सहयोग रहेको परिषद्ले जनाएको छ।

# डोटिम धनुषाको तदर्थ समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट गठित दलित, पिछडावर्ग, थारु आदिवासी र अल्पसंख्यक परिसंघको आयोजित वृहत अन्तरक्रिया कार्यक्रमको क्रममा पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा सो तदर्थ समिति गठन गरिएको हो।

परिसंघ धनुषा तदर्थ



समुदायहरुको परिसंघ (डोटिम) को जिल्लास्तरीय धनुषाको तदर्थ समिति गठन गरिएको छ।

जसपा नेता रामाशंकर पासवानको संयोजकत्वमा जिल्लाको प्रत्येक स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी ३२ सदस्यीय तदर्थ समिति गठन गरिएको परिसंघका केन्द्रिय संयोजक चन्देश्वर पासवानले जानकारी दिएका छन् । शनिवार जनकपुरधाममा

समितिको सदस्यहरुमा जनकपुरधामबाट शेख अहमद हुसैन, विजय पासवान, रुबी सादा, अनवारुल हक, जितेन्द्र माझी, अरमान शेख, भिमानका जितेन्द्र माझी, हंसपुरका जयप्रकाश सादा, लक्ष्मिनियाका रेखा महरा, औरहीका रमेश अधिकारी केवट र रामदयाल माझी लगायतका सबै स्थानीय तहबाट प्रतिनिधित्व गरी राखिएको छ।

# सत्तामा गएपछि भाग्नुपर्ने अवस्था : प्रचण्ड

**टुडे समाचारदाता**

काठमाडौ । चुनाव जितेर सत्तामा पुगेपनि हेलिकप्टर चढेर भाग्नुपर्ने अवस्था आएको नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले बताएका छन् ।

शनिबार लमहीमा लुम्बिनी प्रदेशस्तरीय एकता सन्देश कार्यक्रममा सम्बोधन गर्दै उनले चुनाव जितेर सत्तामा पुगेपनि हेलिकप्टर चढेर भाग्नुपर्ने अवस्था आएको बताएका हुन्।

'चुनाव जितेर मात्रै केही नाप्दो रहेनछ र हेलिकोप्टर चढेर भाग्नु पर्ने रहेछ। ठूलो कुरा जनताबीचको एकता आवश्यक रहेछ,' उनले भने, 'मैले संसदको रोष्ट्रमबाटै भनेको थिएँ । बहुमतको धेरै दम्भ नदेखाउनुहोस् यस्तै अवस्था रहे कुनै दिन जनताले लेखेट्ने छन् भनेर। आज केपी शर्मा ओलीले यो सबै प्रचण्डले गरायो भन्दै हिंडेको सुन्छौं । तर उहाँको अझै पनि अहंकार त्यागेको देखिँदैन ।'

उनले लामो छलफल र संकल्पबाट १५ वटा पार्टीबीच एकता भएको बताए। त्यसलाई




जनताले उत्साहसाथ अनुमोदन गरेको बताए।

उनले फेरि पनि देश बनाउन वर्षौं संघर्ष र त्याग गरेका दलहरूबाट मात्रै सम्भव हुने बताए। सबैभन्दा बढी देशभक्त कम्युनिष्टहरू नै हुने दाबी गर्दै उनले २००६ सालदेखि जनआन्दोलनसम्म हजारौं सहिदको बलिदानी र त्यागबाट आजको परिवर्तन सम्भव भएको बताए।

'म माओवादीमा सर्वोच्च कमाण्डर हुँदा माधवजी एमालेको महासचिव हुनुहुन्थ्यो,' प्रचण्डले भने, 'पहिलोपटक माधव कमरेडले नै बामदेब गौतम र युवराज ज्ञवालीलाई रोल्पा पठाएर वार्ता गर्नुभएको थियो। त्यसमा बामदेब कमरेड र मैले हस्ताक्षर गरेका थियौं।'

त्यस्तै उनले माधव नेपाल लगायतका नेताहरूसंगको सहकार्यका कारण पंचायत ढलाउन र पछिल्लो समय संघीय गणतन्त्र ल्याउन निर्णायक भूमिका खेलेको चर्चा गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका सहसंयोजक माधवकुमार नेपालले पनि एमाले अध्यक्ष ओली लक्षित अभिव्यक्ति दिएका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८